Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

वर्ष- १७, अंक- ४३, २०८२ साल असार १० गते मंगलबार (JUL 2, 2025) www.janaakash.com.np

## वर्षाले सडक भासिँदा ढुङ्गागाढे-खाब्दी भञ्ज्याङ सडक अवरुद्ध



गोरखा- शहीद लखन गाउँपालिका-७ स्थित ढुङ्गागाढे भञ्ज्याङ नजिकै सडक भासिँदा ढुङ्गागाढे-खाब्दी भञ्ज्याङ सडकमा यातायात सेवा अवरुद्ध भएको छ ।

आइतबार राति परेको वर्षाले सडक भासिएर दुईतर्फी नै सवारी आवागमन अवरुद्ध भएको सहिद लखन-७ का वडाध्यक्ष शरण श्रेष्ठले जानकारी दिए ।

उनले भने, 'गत वर्ष वर्षाले सामान्य क्षति पुगेको उक्त सडक समयमा मर्मत नहुँदा गए रातिको भीषण वर्षाले थप क्षति पुगेको हो । गएको बर्खादेखि नै सडक भासिँएर जोखिमपूर्ण अवस्थामा रहँदै आएको थियो, अहिले त चारपाङ्गे सानाठूला कुनै पनि सवारीसाधन सञ्चालन हुनसक्ने अवस्था छैन ।'

शहीद लखन गाउँपालिका प्रवेश गर्ने मुख्य सडक नै अवरुद्ध भएपछि उक्त सडकखण्ड हुँदै आवातजावत गर्ने यात्री समस्यामा परेका छन् ।

सडक भासिएकाले मोटरसाइकल र पैदलयात्री जोखिम मोलेर ओहोरदोहोर गर्नुपर्ने अवस्था बनेको छ ।

सडक पूर्वाधार विकास कार्यालयले शनिबारदेखि सडक पुनर्निर्माणको काम सुरु गरेको भए पनि वर्षाका कारण निर्माण प्रभावित भएको छ ।

# यस वर्ष सवैभन्द धेरै पानी पर्ने, सुरक्षा अपनाउन आग्रह

■ मोहन कार्की



काठमाडौं- नेपालमा वर्षा शुरु भएको छ । यतिवेला लामो दुरीमा यात्रा गर्नेहरुको लागि यात्रा त्यति सुरक्षित छैन । जल तथा मौषम विज्ञान बिभाग, मौषम पूर्वअनुमान महाशाखाले यो वर्ष सवैभन्दा बढी वर्षा हुने प्रक्षपण गरेको छ । उसले सकभर टाढा टाढाका दुरीमा यात्रा नगर्न पनि सुझाव दिएको छ । यात्रा नगरी नहुने क्षेत्रमा सुरक्षा अपनाएर मात्र यात्रा गर्न भनेको छ ।

सोही भनाईलाई आधार मानेर गृह मन्त्रालयले समेत त्यस्तै आसयको आग्रह गरेको छ । भने विपत्त आउन नदिन सवै जिल्ला कार्यलयहरुलाई सर्तक अवस्थामा राखिएको गृह प्रवक्ता रामचन्द्र तिवारीले जानकारी गराएका छन् ।

नेपालमा विशेष गरेर असार, साउन, भदौ महिनाहरुमा वढी पानी पर्ने सोही समय आसपास पैरो बाढी आउने धन जनको क्षति हुने गरेको छ । गएको २०८१ मा असोज १२ र १३ गते भिषण पानी परेको थियो । उक्त वर्षाका कारण धेरै क्षेत्रमा धन जनको क्षति भयो । सवैभन्दा धेरै क्षति धुलिखेल-खुरकोट बिपी हाइवे क्षेत्र विक्षत भयो । हालसम्म बिपी हाइवे पुन: अवस्थामा निर्माण भईसकेको छ । सवारी साधन चल्ने गरेको भएपनि भरपर्दो अवस्था छैन । रोशी बढ्ने वित्तिक्कै पुन: विपी हाईवे बन्द हुन सक्ने सम्भावना रहेको छ ।

गएको जेठमा एकदिन भारी वार्षा हुदा रोशी खोलाले कच्ची सडक कटान गरेर विगारेको थियो । उक्त सडक सोही अवस्थामा ल्याएर सवारी साधन सुचारु गर्न ४ घण्टा समय लागेको थियो ।

अहिले पनि धुलिखेल-खुरकोट बिपी हाईवेमा २२ किलोमिटर क्षतविक्षत भएको सडकलाई सडक डिभिजन कार्यलयहरुले रोशीकै गिटी, ढुङ्गा सडकमा हालेर लेवलमा ल्याएका छन् । तर ग्याभिन वाल वा ढलान भने गरेका छैनन् । कलिकति रोशी बढेर आउने वित्तिक्कै रोशीले पुन: सडक कटान गर्ने सम्भावना देखिन्छ ।

त्यसैले सकभर बैकल्पिक मार्ग अपनाउन वा सम्बन्धित पक्षहरुले धुलिखेल-खुरकोट बिपी हाइवेलाई प्रथामिकतामा राखेर काम गर्नुपर्ने देखिन्छ ।

इदि यसरी काम गर्न सकियन भने धन जनको क्षति व्यहोर्नु नपर्ला भन्न सकिदैन ।

## बालमन्दिरका पूर्वमहासचिवलाई ५ लाख धरौटीमा छाड्न आदेश




काठमाडौं- नक्सालस्थित नेपाल बाल संगठन (बालमन्दिर) को जग्गा सस्तोमा भाडामा दिएर ठगी गरेको प्रकरणका फरार आरोपी गणेशभक्त श्रेष्ठ अदालत हाजिर भएका छन् ।

प्रहरीले प्रतिवादी बनाएर २७ वैशाख २०८१ मा मुद्दा दायर गरेकामध्येका श्रेष्ठ सोमबार हाजिर भएका हुन् । जिल्ला अदालत, काठमाडौंका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले उनलाई ५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।

रेग्मी बालमन्दिरका पूर्वमहासचिव हुन् । चलनचल्तीभन्दा कम दरमा भाडामा दिएर ठगी गरेको भन्दै बाल संगठनका तर्फबाट प्रहरीमा जाहेरी परेको थियो । त्यसपछि अनुसन्धान गरेको सीआईबीले बालमन्दिरकी पूर्वअध्यक्ष रीतासिंह वैद्यसहितका पदाधिकारीहरुविरुद्ध पक्राउ पूर्जी लिएर अनुसन्धान गरेको थियो ।

प्रहरीले वृहस्पति विद्या सदनका अधिकारीहरुलाई समेत प्रतिवादी बनाएको थियो । .

» बाकी ६ पृष्ठमा

## रास्वपा रामेछापले रक्तदान गरी मनायो तेस्रो वार्षिकोत्सब

रामेछाप- राष्ट्रिय स्वतन्त्र पार्टी रामेछापले पार्टीको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । शनिबार मन्थलीको देवकोटा चोकमा आयोजित खुल्ला रक्तदान कार्यक्रमा २० जना रक्तदाताहरुले रगत दान गरेका छन् ।


उक्त कार्यक्रमको प्रविधिक सहयोग नेपाल रेडक्रस सोसाईटी रामेछापको सहयोगमा रक्तादान कार्यक्रम भएको हो ।

रास्वपा रामेछाप जिल्ला समितिको वैठकले वार्षिकोत्सव सफल बनाउन विभिन्न समितिहरु बनाएको थियो त्यसमध्य रक्तदानको लागि जिल्ला उपसभापति मोहन कार्कीको संयोजकत्वमा भुपध्वज बुढाथोकी, सुस्मिता लामिछाने लगायतको समिति निर्माण गरेको थियो ।



कार्यक्रमको अध्यक्षता रास्वपा रामेछापका रमेश कुमार रायले गर्नुभएको थियो । रक्तदान कार्यक्रम लगतै रास्वपाले कोणसभा पनि गरेको थियो । आज नै जिल्ला पार्टी कार्यलयमा दिप प्रज्वलन गरी घण्टी बजाएर पार्टी सभापति रवि लामिछाने चाडै झुट्टा मुद्दावाट छुट्न सरकारको आखा खुलोस भनेर समेत प्रथाना गरेका थिए ।

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४३, २०८२ साल असार १० गते मंगलबार (JUL 2, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### स्थीीय तहहरुले समयमा नै नीति तथा कार्यक्रम सम्पन्न गरून ।

नेपालमा स्थानीय तहहरुले अफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गर्न भ्याई नभ्याइको अवस्था छ । नेपालमा २०७२ सालको नयाँ संविधान जारी भईसकेपछि तिन तहको सरकार देशमा छ । २०७२ सालको नयाँ सविधानमा उल्लेख भए अनुसार संघले जेठ १५ गते भित्र प्रदेशले असार १ गते भित्र र स्थानीय तहहरुले असार १५ गतेभित्र नीति तथा कार्यक्रम प्रस्तुत गरिसक्नुपर्ने प्रावधान रहेको छ ।

त्यसैले देशैभरीका ७५३ वटै पालिकाहरुले नीति तथा कार्यक्रमको लागि काम थालेका छन् । कतिपयले नीति तथा कार्यक्रम सार्वजनिक गरिनै सकेका छन् । भने कतिपयले सर्वाजनिक गर्दैछन् । समयमा नीति तथा कार्यक्रम सार्वजनिक गर्ने पालिकाहरुले लिजामा नम्बर समेत प्राप्त गर्दै आएका छन् ।

त्यसकारण स्थानीय तहहरुले समयमा नै नीति तथा कार्यक्रम सार्वजनिक गरेर स्थानीयले प्राप्त गर्नुपर्ने लिजाको नम्बर तथा नीति तथा कार्यक्रममा उठेका प्रश्नहरु सुधार्न समेत सक्ने अवसरहरु हुन्छन् । त्यसैले समयमा नै नीति तथा कार्यक्रम गरी स्थानीय तहहरुले नीति तथा कार्यक्रम गर्नु सकरात्मक छ । हो ।

तर कतिपय स्थानीय तहहरुले भने समयमा नीति तथा कार्यक्रम अलि ढिला गर्ने गरेको देखिन्छ । गएको २०८१/८२ मा पनि कतिपय स्थानीय तहहरुले समयमा नीति तथा कार्यक्रम प्रस्तुत गर्न सकेका थिएनन ढिलो गरी नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

समयमा नीति तथा कार्यक्रम सार्वजनिक गर्दा कतिपय उठेका प्रश्न, छुटेका विषय बस्तुहरुलाई समयमा नै सम्बोध गर्न सकिने अवसरहरु हुन्छन् । यस्ता विकल्प र स्वयम पालिकाहरुलाई सजिलो र विकल्पहरु सहितको समय रहने हुदा समयमा नै नीति तथा कार्यक्रम सार्वजनिक गर्नु स्थानीय तहहरुको लागि उपलब्धिमूलक छ । यस्तो उपलब्धिमूलक बिकल्पहरु समेत पहिल्याएर स्थानीय सरकारले अपनाउन सक्ने स्थानीयको विकासलाई टेवा दिनसक्ने काम स्थानीयले समयमा नै गर्नुपर्छ र संविधानले उल्लेख गरेका विषयलाई सम्बोधन गर्ने गरी कार्य आराम्भ गर्न स्थानीय तहहरु सक्षम हुनुपर्छ । तव मात्र देशको नयाँ सविधानले उल्लेख गरेका स्थानीय अधिकारहरु सुरक्षित हुन सक्नछन् । त्यसकारण स्थानीय तहले समयमा नै नीति तथा कार्यक्रम प्रस्तुत गरुन ।

# नेपालको बजेट : विश्लेषणात्मक टिप्पणी



“ यसपालिको बजेटले सेवा प्रदायकहरूको अनुगमन गर्ने, छिटो कार्य सम्पन्न गने-गराउने भनिएको रहेछ, यसबारे त ७ दिनमै कामको फछ्यौट गर्ने गरी अध्यादेश नै आएको हो, सेवा प्रदायकहरूतिर हेऱ्यो, आफ्नै अनुहार पो देखिन्छ, आफैँले बोकेको झोला तिनले पनि बोकेका देखिन्छन् । ”

**अच्युतप्रसाद पौडेल "चिन्तन"**

यसपालिको प्रदेश बजेट पनि आइसकेको छ । सबै प्रदेशका थरीथरीका बजेट आए । कतै अल्लो झोला, कतै ब्रिफकेसका । कसैले विशेष सम्झौता गरेर बजेट दिउँसै ल्याए, कसैले राति । देशैभरि बजेट आउन थालेको धेरै समय भइसकेको छ, प्रदेशहरु पनि केन्द्रमुखी नै छन् बजेट ल्याउन । सबैले राजपत्र प्रकाशित गर्ने सुविधा पाएका छन् । अब पालिकाहरु बजेट बनाउन तल्लीन छन्, केन्द्र र प्रदेशकै बजेट मिलाएर तिनले पनि ल्याउँदै छन्, ल्याएका छन् । देश कति सानो छ, देशवासी कति थोरै छन् र बजेटको संख्या र आकार कति धेरै छ । विश्लेषण गर्ने फुर्सद विश्लेषकहरुलाई मात्र छ, ल्याउनेहरुलाई छैन । यसो भनौं, बजेट ल्याउँछौं, मिलिजुली खान्छौं ।

कानुनले तोकेको समय यसपटक कर्मचारीको तलब बढेन मात्रै होइन, ज्येष्ठ नागरिकहरुको वृद्ध भत्ता मुखैमा आइसकेपछि खोसियो । एक छमेकीले खाइरहने, अर्को छिमेकीले हेरिरहने, समाज निर्माण गर्ने अभियानमा लागेका दलहरुले समतामूलक समाजको स्वैर कल्पना गरेका छन्, संविधानको बनोट त्यस्तै छ समाजवाद उन्मुख अर्थतन्त्रको । देश दल नियन्त्रित छ, संसद् त छँदै छ मात्रै होइन, शिक्षालय, विद्यालय, औषधालय पनि दल नियन्त्रित नै छन् । जेठ १५ गते बजेट ल्याउन दिए, प्रतिपक्षीहरुले । तिनलाई भागशान्ति मिलाउनु थियो, पछि फेरि खोचे थापी उभिएर विरोध जनाउँदा थाकेर, पलेटी कसेर विरोध गरिरहे ।

एकथरीलाई सापोनापो मिलाउने सम्झौता भयो, बाटो खोलिदियो, अर्को थरीले मानेन, पेलपाल भयो । लोकतन्त्र भीडतन्त्र होइन, सानै आवाज भए पनि सबैको सुन्नुपर्छ भन्ने राजनीतिशास्त्र पढ्दा जानिएको विषय थियो । अब पढाइ-लेखाइको काम छैन, बरु मुढेबलको काम छ र आम मानिस टिकटक र सामाजिक सञ्जालमा व्यस्त छन्, पठन संस्कृति हराइसकेको छ, । यस्तो सामाजिक वातावरण बनाइदिने हाम्रा दलहरु नै हुन्, ती राम्रा भएका छन्, मुढेबलबाटै आएका हुन् ती, सत्ता कब्जा गरिरहेका छन् ।

भर्खरैको सम्झना छ, श्री ३ बाट हुकुमबक्स भएको- आन्दोलनकारीहरुलाई पाखा लाइदिनू, विरोध गरे सिफल, कुलेश्वर वा कोटेश्वर दिनू, नभए चक्रपथबाहिरै राख्नू । बस् यति निकृष्ट शैली टुँडिखेल दिएर जनभावना बुझ्न खोज्ने पञ्चायतले पनि गरेको थिएन, राणाहरुमा पद्म शमशेरहरु पनि थिए, इतिहासमा । हिटलर र मुसोलिनीहरु तानाशाह हुन्, यस्तै-यस्तै पढेर आएका थियौं हामीले । बजेट बिरामी छ, बेरुजुमा परेको छ, व्यापक ऋणमा परेको छ, व्यापक घाटामा छ । यसले रोजगारी सिर्जना गरेको छैन, चालू पूँजीलाई अन्धाधुन्ध खर्च गरेको छ ।

पूँजीगत खर्च असारे छ, डोजरे छ, तुरुन्तै पग्लने र गल्ने खालको र माटो छोप्ने, पिच देखाउने खालको छ । जेठ मसान्तसम्म विकासका नाममा गरिने पूँजीगत खर्च एक चौथाइ मात्रै नाघेको छ तर चालू पूँजी सिद्धिइसकेको छ, दोहन गरी राजनीतिक खेलाडीहरुलाई बाँडिएको छ । ठेकेदार बा विचौलिया लिएर जाँदा वडाबाट केही काम त्यो पनि मुस्किलले मात्रै लिन सकिने अवस्था छ, स्वतन्त्र भएर गए वडाअध्यक्षले मुन्टो बटारेर बढी ठेकेदारतिरै डिस्कस गरेको पंक्तिकारले धेरैपल्ट भोगेको छ । र, धेरै रस्साकस्सी गर्दा उहाँहरुबाट काम लिएर आउनुस् न, बस् यही हो जवाफ, ओठ चलेपछि कुरो बुझेर भैगो त भनी फर्केको आफै हो ।

यसपालिको बजेटलाई पंक्तिकारले घोत्लिएर हेरिह्यो, हेरिरह्यो । पायो के भने, २ वर्षभित्रै चामलमा आत्मनिर्भर हुने, लाग्यो ५२ सालतिरको चुनावी घोषाणपत्रजस्तो, जति बेला देशमा रासायनिक मल कारखाना खोल्ने भनिएको थियो । साढे तीन दशकमा कहाँ कतिवटा मल कारखाना खुले ? त्यसको विवरण छैन हामीसँग, बरु धेरै राजनीतिक संस्थाहरु खुले, असंख्य प्रदेश र पालिकाहरु खुले । बाँदर लड्ने भीरपाखालाई नगरपालिका बनाएर कर असुली गरियो र असंख्य राजनीतिक रोजगारी सिर्जना गरियो, तलब भत्ता र सक्नेले अरुसमेत पाउने गरे । पञ्चायतमा यस्तो थिएन ।

पालिकाहरुले तलव भत्ता पाउँदैनथे र पानीको महसुल रु. ५ प्रतिमहिनामा, त्यो पनि ३ तलामाथि चढ्ने गरी आउँथ्यो । जग्गाको अभिलेखका लागि मात्र प्रतिकित्ता रु. १ पीडीएलटी कर भनेर बुझाउनुपर्थ्यो । अहिले जग्गा ओल्टाइपल्टाइ गरेर कति बिचौलिया धनी भएका छन्, स्पष्टै छ । सार्वजनिक जग्गा अब बाँकी छैन । बालमन्दिर, बाँसबारी, गिरिबन्धु, ललिता, पतञ्जलि, सेरा, गोकर्णहरु त अलि ठूला भए, साना कति छन्, यिनलाई चलाए बालुवाटार, सिंहदरबार र शीतल निवाससम्म भूकम्प जान्छ ।

बजेटको अर्को विशेषता स्नातक उत्तीर्ण गरेकाहरु स्वयंसेवी शिक्षक हुन सक्छन् ।

शिक्षालयहरुसँग पंक्तिकारले सोध्दा भन्छन्, ब्याचलर पढ्ने विद्यार्थी शिला खोज्नुपर्छ, छैनन् । सबको चाहना जसोतसो प्लस टु गर्ने खाडीमा भेटूँला भन्ने हो । लोकतन्त्रको अभिशाप नै भएको छ युवा जनशक्ति । यसले कत्ति पनि यहाँ बाँकी नराख्ने र त अस्ति १० महिनाका बीच १३ खर्ब बढी विप्रेषण आएको रहेछ, राष्ट्र बैंककै शब्दमा । राष्ट्र बैंकको ढुकुटी बढ्दा दलकै कोटामै गएका गभर्नर जुँगा मुसार्दै छन्, तरलता बढेर बैंकहरुबाट पैसा तान्दै छन् । बजार चलायमान भएको र उद्यमशीलताको विकास भएको भए, लगानीको वातावरण तय भई प्रशस्त रोजगारी सिर्जना गर्न सकेको भए यसो गर्नुपर्ने थिएन । लोकतन्त्र लोभतन्त्रमा परिणत हुँदा असल अर्थविद्हरुलाई देशले पाउनै सकेन, अर्थ नीति, वित्त नीति, मौद्रिक नीति सञ्चालन गर्ने खालको । अध्ययन गर्दा नै भेटिएका शब्दहरु हुन्, अविकसित देशहरुमा वनमारा, तरमारादेखि ज्यानमारासम्म भेटिन्छन् समाजमा । हाम्रो इतिहासमा कोतपर्वदेखि अहिलेसम्म कतिको बीभत्स हत्या भयो, राजनीति कसरी सञ्चालित भइरह्यो ? खोजबिन गर्ने समय छैन हामीसँग ।

बजेटका अरु पनि परिकल्पना छन्- काम खोज्दै-पढ्दै, रोजगारी खोज्नेभन्दा रोजगारी दिने युवा जमात तयार गर्ने पनि भनिएको छ, शिक्षक बैंकको स्थापना, ३ प्रतिशत ब्याजमा स्टार्टअप कर्जा, महिला उद्यमी दर्ता प्रोत्साहन, अरु धेरै तर सरकारले उद्यमको वातावरण, लगानीको वातावरण र तिनको संरक्षण नगरेसम्म यी परिकल्पना सत्य साबित हुन्नन् । काग करायो पिना सुक्यो, हाम्रा पुर्खाले भनेका । आठ सालमा पहिलोपल्ट बजेट आउँदा करोडको आकार अहिले भने खर्बौंखर्बको आकार, विकास र चालू पूँजीको दोहोरो मापदण्ड १३ सालदेखिकै हो तर यति बेलासम्मका बजेटहरु आए, तिनले देखाए, ऋणको भार र युवा निर्यात, वस्तु आयात, बेरुजु वृद्धि, आफन्तलाई पोसिलो अरुलाई पेचिलो बजेट ।

घाट नपुगुन्जेल स्रोत दोहन गरी नै रहने र मरणोपरान्त संस्था पोसिने बजेट हो लोकतन्त्रको मूल ध्येय । मानौं, दलको पेवा हो देश, उनीहरुको मोहियानी हक हो देश, बाँड्ने, ढाँट्ने, चुट्ने, कुट्ने, बल्छी थापेर माछा मार्ने माझीझैँ भए हाम्रा जनप्रतिनिधिहरु । यसैलाई जनताको सार्वभौमिकताको व्याख्या गरियो, हब्स, लक र पछिका माओ, लेनिन, मार्क्सहरुको नाम बेचियो । दास क्यापिटल पुस्तक कसैले पढेन, न महाथिर, गान्धी, सि जिन पिङ, ओबामा, ली क्वानहरुलाई नै पढियो ।

सुर्तीजन्य पदार्थले स्वास्थ्यमा कति हानि गरेको छ, वार्षिक मृत्यदर कति छ र विश्व स्वास्थ्य संगठनले कति प्रतिशतसम्म कर लगाउनु भनेको छ ? त्यो मानिएन, सुर्तीकर बढ्यो भन्यो बजेटले, हेर्दा नाम मात्रको रहेछ ।

बजेटभन्दा अगाडि नै हुन्छन् व्यापारीहरु, पहिले सवारीसाधनहरु भन्सार नाकाबाट भित्र्याउने अनि भोलिपल्ट सवारी कर वृद्धि हुने हाम्रो बजेटको परम्परागत मान्यता हो । लोकतन्त्रले व्यापारीहरुलाई असल र जिम्मेवार साथी बनाएको छ र उद्यमी पनि अब व्यापारी बनेका छन् । राजनीतिक कर्ममा अग्रसर छन्, कोटामै परेका छन् दलहरुका । वर्षाको पानीमा ओत लागेझैँ ओत लागेका छन् । एनसेल, विद्युत् बक्यौता सबै बाहिर आएकै हो नि !

धारामा पानी आउँदैन, बिल मात्रै आउँछ, आउँदा लेदो आउँछ । यसमा मात्रै होइन, सबै बजारमा उपभोक्ता ठगिएका छन् । विषादी त भन्नै परेन । यसपालिको बजेटले उपभोक्ता अदालत सबै प्रदेशमा स्थापना गर्ने भनिएछ । स्थानीय एक मित्रले भने- भर्खरै पानीको महसुल बिल ५८ हजारको आयो । उद्योग, कलकारखाना छैन उनको, घरेलु प्रयोग न हो । उनले भने- मिटर झिकेर ३ हात पर फालेको छु, अब हेर्छु अर्को महिनाको बिल के-कस्तो आउने हो । खानेपानीमा गएर बुझ्दा यो सफ्टवेयरले देखाएको हो, निवेदन दिएमा जरिबाना भने केही छुट हुन सक्छ भनियो रे ! अर्का मित्रले अलिक अघि भनेका थिए- खानेपानीको बिल २५ हजारको आएछ हजुर, बस् उपभोक्ता कसेर पैसा उठाऊ सरकारी सेवाप्रदायकहरुको चालाबाला ।

यसपालिको बजेटले सेवा प्रदायकहरुको अनुगमन गर्ने, छिटो कार्य सम्पन्न गने-गराउने भनिएको रहेछ, यसबारे त ७ दिनमै कामको फछ्यौंट गर्ने गरी अध्यादेश नै आएको हो, सेवा प्रदायकहरुतिर हेऱ्यो, आफ्नै अनुहार पो देखिन्छ, आफैँले बोकेको झोला तिनले पनि बोकेका देखिन्छन् ।

विकसित देशहरुमा सरकारी निकायमा युनियन बा भ्रातृ संगठनहरु राख्दैनन्, मजदुरहरुलाई थिचोमिचो नहोस्, श्रमअनुसारको माम पाइयोस् भनेर पेसागत हकहितका लागि मात्रै युनियनहरु खोलिएका हुन्छन्, जसले सरकारी नीति नियमको कार्यान्वयन गर्छ, आदेशको पालना गर्छ, स्थायी सरकार भनिने त्यो निजामती सेवामा पनि विभाजित दलहरुअनुसारका भ्रातृ संगठनहरु हुनु देशको दुर्भाग्य हो । यसैका कारण अहिलेसम्म संघीय निजामती सेवा ऐन सरकारले ल्याउन सकेको छैन । हेर्दा लाग्छ, बजेटले देशको कायापलट गर्छ तर अहँ ! कतिपल्ट आयो बजेट, निराशाबाहेक के देखिन्छ ? केवल आफन्त पोस्नेबाहेक, आम जनता त करको मारमा पर्ने हुन् । यहाँ टिक्न-बस्न नसकेर महँगो पासपोर्ट किनी झिटीगुन्टा कसेर खाडीतिर धकेलिने नै त हुन् ।

# बजेटमा "टेक एन्ड पे" को व्यवस्था नराख्न कांग्रेस-एमाले सहमत



काठमाडौं- सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेबीच बजेटमा राखिएको 'टेक एन्ड पे' व्यवस्था हटाउने सहमति भएको छ । बजेटमा नदी प्रवाहमा आधारित रहेर सरकारले विद्युत् खरिद गर्ने व्यवस्था राखिएपछि उर्जा उत्पादकहरूले विरोध गरेका थिए ।

सोही विषयमा सोमबार दिउँसो कांग्रेस सभापति शेरबहादुर देउवाले अर्थमन्त्री विष्णु पौडेललाई फोन गरेर उक्त व्यवस्था हटाउन चेतावनी नै दिएका थिए ।

लगत्तै एमाले उक्त 'टेक एन्ड पे' र 'टेक अर पे' को व्यवस्था हटाउन तयार भएको स्रोतले जानकारी दिएको छ ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट मंगलबार पारित गर्ने तयारी छ । दुवै दलले आ-आफ्ना सांसदलाई बजेट पारित गराउनेगरी ह्वीप पनि जारी गरिसकेका छन् ।

यस्तो अवस्थामा देउवाले फोन गरेरै बजेट पास नगर्ने चेतावनी दिएपछि यो व्यवस्था हटाइएको हो ।

दुवै दलका शीर्ष नेताहरूबीच यही विषयमा छलफल पनि भएको थियो ।

अब माग र खपतको आधारमा पीपीए अघि बढाउने, ऊर्जा विकास मार्गचित्र-२०८१ लाई पूर्ण रूपमा कार्यान्वयन गर्ने गरी अघि बढाउने सहमति दुई दलबीच भएको हो ।

के हो टेक एन्ड पे विवाद ?

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत बहावमा आधारित (आरओआर) जलविद्युत् आयोजनासँग खरिद गरेको विद्युतको मात्रै भुक्तानी दिने (टेक एन्ड पे)का आधारमा मात्रै विद्युत खरिद सम्झौता गर्ने गरी प्रावधान ल्याएको छ । यो व्यवस्था बजेटमा आएसँगै निजी क्षेत्रका लगानीकर्ता आन्दोलनमा उत्रिएका छन् । उता, अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसदबाटै टेक एन्ड पेको बचाउ गरेका छन् ।

आगामी आर्थिक वर्षको बजेटको २२७ नम्बर बुँदामा भनिएको छ, 'विद्युत् उत्पादन र खपतबीच सन्तुलन कायम हुने गरी विद्युत् खरिद सम्झौता गर्ने नीति लिइनेछ । रन अफ रिभर आयोजनाको टेक एन्ड पे अवधारणा अनुरुप विद्युत् खरिद सम्झौता गरिनेछ ।'

हालको प्रावधान अनुससार नेपाल विद्युत् प्राधिकरणले निजी ऊर्जा उत्पादकहरूसँग उनीहरूले उत्पादन गरेको सबै विद्युत् खरिद गर्ने गरी पीपीए गर्छ । 'टेक अर पे'को नीतिअनुसार गरिने यस्तो पीपीएअनुसार आयोजनाहरूले उत्पादन गरेको विद्युत् प्राधिकरणले लिए पनि नलिए पनि रकम तिर्नुपर्छ । तर, रन अफ रिभर आयोजनाको पीपीए टेक एन्ड पेका आधारमा मात्रै गरिने भन्ने व्यवस्था बजेटमा पारिएको छ । यो प्रावधानले बिजुलि खरिद गरेको अवस्थामा मात्र रकम दिनुपर्ने हुन्छ ।

स्रोतका अनुसार 'टेक एन्ड पे'को नीति प्रधानमन्त्री केपी शर्मा ओलीको चाहनामै बजेटमा राखिएको हो । प्रधानमन्त्री ओली आफैंले बहावमा आधारित आयोजना (आरओआर)मा अनन्त समयसम्म टेक अर पेमा गर्ने सक्ने अवस्था नभएको र गर्नुपर्ने आवश्यकता पनि नभएकाले यो व्यवस्था बजेटमा प्रस्ताव गरिएको प्रधानमन्त्रीले बताउँदै आएका छन् । अर्धजलाशयुक्त आयोजनाहरूमा 'टेक अर पे' मै पीपीए हुने र आरओआरमा चाहिँ गर्नै हुँदैन भन्ने नहुने प्रधानमन्त्रीको भनाइ छ ।

अहिले ऊर्जा मन्त्रालयको नेतृत्व कांग्रेसको छ । ऊर्जामन्त्री दीपक खड्का समेत यो व्यवस्थाको विरोधमा छन् । स्रोतका अनुसार उनी एकसाथ ठूलो क्षमतामा पीपीए खुलाउने पक्षमा छन् । यसलाई प्रधानमन्त्रीले रुचाएका छैनन् । सोहीकारण उनी बजेटमै टेक एण्ड पे प्रावधान घुसाएर पीपीए रोक्ने दाउमा छन् । सोहीकारण अर्थमन्त्री र ऊर्जामन्त्रीलाई समेत थाहा नभएको प्रावधान बजेटमा परेको बताइएको छ ।

प्रधानमन्त्रीले यसबीचमा भएका छलफलमा कतिपय आयोजनामा विद्युत प्राधिकरणले आफ्नो विद्युत उत्पादन बन्द गरेर निजी क्षेत्रको विद्युत् लिएको भन्दै यो व्यवस्था आवश्यकता रहेको बताउँदै आएका छन् । सोहीकारण टेक एन्ड पे सम्बन्धमा बजेटमा परेको व्यवस्था कायमै राख्नुपर्ने उनको जोडबल छ । ऊर्जामन्त्री खड्काले भने ऊर्जा मन्त्रालयले प्रस्ताव नै नगरी माथिबाट ल्याएर यस्तो व्यवस्था कहाँ लाद्न नपाइने बताएका छन् । ऊर्जा मन्त्रीको भनाइमा कांग्रेस सभापति देउवा तथा अन्य नेताहरुले पनि साथ दिएका छन् ।

प्रधानमन्त्रीलाई कन्भिन्स गराउन प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र देव शाक्यले समेत भूमिका खेलेका छन् । शाक्यले यसअघि नै प्राधिकरण घाटामा रहेको हिसाब किताब सार्वजनिक गरेका छन् । अहिलेको व्यवस्थाले प्राधिकरणलाई थप घाटा हुने भन्दै टेक एन्ड पेमा जानुपर्ने तर्क हितेन्द्रको छ । जसमा प्रधानमन्त्री कन्भिन्स भएसँगै यो प्रावधान बजेटमा समेटिएको थियो ।

## रामेछाप डायरी

# सन्तान वृद्धि गर्ने दम्पतिलाइ मन्थलीले पुरुस्कृत गर्ने

रामेछाप- मन्थली नगरपालिकाले सन्तान वृद्धि गर्ने दम्पतिलाइ पुरुस्कृत गर्ने भएको छ । सोमबार १७ नगर सभा तथा नीति कार्यक्रम मार्फत यस्तो योजना अगाडी सारेको हो ।

मन्थली नगरपालिकाले यस वर्षको नीति तथा कार्यक्रम र बजेटमा कृषि, शिक्षा, उद्योग, पर्यटनलाई प्राथमिकतामा राखेको छ । उद्योग प्रवर्धनका लागि महिला तथा अपाङ्गता भ्याएकाको नाममा दर्ता भएका व्यवसायलाई ताकिएको व्यवसाय करमा १० प्रतिशत छुट दिने नगरपालिकाले कार्यक्रम उल्लेख छ ।

नगरप्रमुख लब श्रेष्ठले पेस गर्नुभएको नीति तथा कार्यक्रममा न्यून पुँजी भएका व्यवसायीलाई दोहोरो करको मारबाट छुट गराउन ५ लाख रुपैंयासम्म पुँजी कायम गरी उद्योग दर्ता गरेका व्यवसायीको उद्योग नवीकरण नगरपालिकाबाटै गरिने व्यवस्था मिलाइएको उल्लेख छ ।

मन्थली नगर अस्पताललाई अझ सुविधा सम्पन्न बनाउन बजेट विनियोजन गरिएको उल्लेख छ ।

गुणस्तरीय शिक्षाका लागि विज्ञान विषय लिएर ११ र १२ पढ्ने प्रत्येक वडाका एक जना विद्यार्थीलाई निःशुल्क अध्ययन गराउन मन्थली माविलाई दिँदै आएको छात्रवृत्ति अनुदानलाई कायम गरिएको छ । त्यस्तै कृषि र पशुविज्ञान अध्ययन गर्ने १४ वटै वडाका एक एक जना विद्यार्थीलाई रामेछाप पोलिटेक्निकमा छात्रवृत्ति अध्ययनको व्यवस्था मिलाइएको उल्लेख छ ।

पूर्वाधार तर्फ वडाबाट प्रस्ताव भएको १५ लाख माथिको एउटा ठुला आयोजनामा नगरबाट १५ लाख रुपैंया थप गरी वडाको गौरवको योजना सञ्चालन गरिने भएको छ । पाँच वर्षमा सञ्चालन गरिने आयोजनाको आयोजना बैङ्क तयार गरी कार्यान्वयनमा लगिने उल्लेख छ ।

कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिँदै बजेट विनियोजन गरिएको उल्लेख छ । पुशपन्छिमा लगानी, मन्थली नगरपालिकाको सुनौलो बिहानी भन्ने नारा सहित पशुपालन तथा दूध बिक्रीमा प्रोत्साहनको कार्यक्रम ल्याइएको उल्लेख छ ।

मन्थली नगरमा पर्यटन प्रवर्धनको लागि स्थानीय पर्यटन विकासका कार्यक्रमहरू ल्याइएको छ ।



नगरपालिकाले आउने आर्थिक वर्षको लागि कूल १ अर्ब ४ करोड ६५ लाख ६४ हजार २०२ रुपैंयाको बजेट ल्याएको छ ।

सोमबार नगर सभाको १७ औं अधिवेशनमा नगरपालिका उपप्रमुख ईश्वरी बस्नेतले प्रस्तुत गरेको बजेटमा चालु तर्फ ६८.७५ प्रतिशत र पुँजीगत तर्फ ३१.२५ प्रतिशत बजेट विनियोजन गरिएको उल्लेख छ । कूल बजेट मध्ये सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा २ प्रतिशत, कार्यालय सञ्चालनमा १४.५ प्रतिशत, आर्थिक विकासमा ४ प्रतिशत, सामाजिक विकासमा ४८.५ प्रतिशत र पूर्वाधार विकासमा ३१ प्रतिशत बजेट खर्च हुने भएको छ ।

यस आर्थिक वर्षमा अनुमानित बजेटको ६७.९४ प्रतिशत खर्च भएको छ । वास्तविक निकासा आम्दानी भएको बजेटको भने ७८.३७ प्रतिशत बजेट खर्च भएको छ । यस आर्थिक वर्षमा कुल १ अर्ब करोड ९७ लाख ८१ हजार रुपैंया अनुमान गरिएको थियो ।

# असार १५ देखि चितवन राष्ट्रिय निकुञ्जभित्र ३ महिनासम्म जिप सफारी बन्द हुने



चितवन- वर्षायाम सुरु भएसँगै चितवन राष्ट्रिय निकुञ्जभित्र यही असार १५ गतेदेखि जिप सफारी बन्द हुने भएको छ ।

निकुञ्जले हरेक वर्ष असार १५ देखि करिब तीन महिना निकुञ्जभित्र जिप सफारी बन्द गर्दै आएको छ । गत वर्ष असार १६ गतेबाट बन्द भएको जिप सफारी असोज २४ गते फूलपातीदेखि पुनः सञ्चालनमा आएको थियो ।

गत वर्ष असोजमा बाढी आएका कारणले जिप सफारी सञ्चालन गर्न समय लागेको थियो । बर्खाको सिजन छोटो भए असोजको पहिलो साता नै र वर्षातको समय लम्बिए अवस्था हेरेर मात्रै जिप सफारी पुनः खुला गरिन्छ ।

बर्खाले बिगारेको सडक मर्मत, ढलेका रुखहरु पन्छाउने र विभिन्न पुलहरुको मर्मत पछि मात्रै जिप सफारी खुला गरिन्छ ।

वर्षायाममा पानी बढी हुने, खोला खोल्सा बढ्ने, रुखहरु ढल्ने, बाटोसमेत चिप्लो हुने, घाँस पनि बढ्ने एवम् जंगली जनावर हरुसमेत नदेखिने कारणले निकुञ्जले जीप सफारी हरेक वर्ष बन्द गर्दै आएको निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले जानकारी दिए ।

निकुञ्ज भित्र जीप सफारी बन्द भए पनि मध्यवर्ती क्षेत्र तथा सामुदायिकवबनहरुमा भने जीप तथा हात्ती सफारी यथावत नै सञ्चालन हुन्छ ।

निकुञ्जभित्र हात्ती सफारी भने अरु समयमा पनि गर्न पाइँदैन । बर्खाका तीन महिना जिप सफारी बन्द भए पनि जंगल वाक भने रोकिँदैन ।

निकुञ्जले हरेक वर्ष जिप सफारीबाट करोडौं रकम आम्दानी गर्दै आएको छ ।

निकुञ्ज घुम्न आउने अधिकांश विदेशी पर्यटकहरुले जिप सफारी गर्ने गर्दछन् । नेपालीहरुको पनि आर्कषण उस्तै छ ।

चितवन निकुञ्जमा वर्षमा औंसत दुई लाखभन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकहरू आउने तथ्याङ्क छ ।

निकुञ्जले प्रतिजिप प्रवेश शुल्क ५ हजार, विदेशी पर्यटकले प्रवेश शुल्कवापत २ हजार, सार्क मुलुकका पर्यटकले एक हजार र नेपालीलाई १५० रुपैयाँ लिदै आएको छ ।

सौराहा क्षेत्रबाट ३०, कसाराबाट १० वटा यस्तैं मेघौलीबाट सात र अमलटारीबाट पाँचवटा जिपहरू निकुञ्जभित्र चल्ने गर्दछन् । एउटा जिपमा १० जनासम्म अट्छन् ।

# हाम्रा युवामा घमण्ड छैन, कसैले पिट्न आए ओम शान्ति पनि भन्दैनन् : प्रधानमन्त्री



काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले युवा संघका नेता/कार्यकर्ताहरू घमण्डी नभएको बताउँदै कसैले पिट्न आए ओम शान्ति भन्दै बस्न पनि नहुने बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

युवामा घमण्ड पसेपछि बिग्रने बाटोमा पुग्ने प्रसंग अघि सार्दै प्रधानमन्त्री ओलीले युवा संघले अन्याय नसहने र नगर्ने बताए ।

'कुनै पनि व्यक्तिभित्र घमण्ड पसेपछि ऊ बिग्रने बाटोमा जान्छ । हाम्रा युवाहरु दम्भी, घमण्डी हुनेछैनन् । क्षमतावान विनयी र शालिन हुनेछन्,' प्रधानमन्त्री ओलीले भनेका छन्, 'गुण्डा हुने छैनन्, बलवान हुनेछन् । कसैले गालामा पिट्न आएमा ओम शान्ति...भनेर चाँही बस्दैनन् । त्यसकारण युवा संघले अन्याय सहँदैन र अन्याय गर्दैन भन्ने बुझाउन सक्नुपर्छ ।'

अहिले केहीले अर्थ बिनाका युवा भने उचाल्ने प्रवृत्ति बढ्दै आएको बताउँदै ओलीले कुन तहसम्म युवाले के गर्छ भन्ने कुरा महत्त्वपूर्ण भएको जिकिर गरे ।

'अहिले अर्थविनाको युवा युवा भनेर उचाल्ने प्रवृत्ति छ । जहाँ पनि युवा मात्रै भनेर हुँदैन । कुन तहसम्म कसरी युवाले के गर्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । दक्षता, सीप र अनुभव आदि कुराहरू चाहिन्छ,' ओलीको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले युवाहरुले व्यक्तिको नभई सही विचार र नेतृत्वको पक्षपोषणमा लाग्नुपर्नेमा जोड दिए ।

युवा संघको काँधमा असाधारण जिम्मेवारी रहेको उनले बताए ।

'आगामी स्थानीय तहको निर्वाचनसम्म यस कमिटीको नेतृत्व रहन्छ । संघको नेतृत्वले आफ्नो कार्यकालका लागि सिङ्गो योजना बनाओस् । नयाँ इतिहास कायम राखोस् । असाधारण सक्रियताका साथ काम गरोस्,' प्रधानमन्त्री ओलीले भने ।

**सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं**

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४३, २०८२ साल असार १० गते मंगलबार (JUL 2, 2025)

# आइएमई पे र खल्ती मर्जरलाई अन्तिम स्वीकृति




काठमाडौं- नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी सेवा प्रदायक संस्था मध्ये नेपालको पहिलो डिजिटल वालेट आइएमई पे र खल्तीलाई मर्जरका लागि अन्तिम स्वीकृति पत्र प्रदान गरिएको छ ।

नेपालको इतिहासमै दुई ठुला डिजिटल वालेट एक भएर एकीकृत कारोवार हुन लागेको यो नै पहिलो पटक हो । नेपालमा डिजिटल कारोबारको इतिहास हेर्ने हो भने त्यति धेरै लामो समय नभएता पनि यसको प्रयोग भने तिब्र गतिमा भएको छ भन्ने कुराको प्रमाण आइएमई पे र खल्तीको यो संयुक्त कारोबारको अवसर पनि हो ।

आइएमई पे र खल्तीको एकीकृत कारोवार पश्चात आधिकारिक रुपमा कम्पनीको नाम भने आइएमई खल्ती लिमिटेड रहने छ ।यसको रजिस्टर्ड कार्यालय काठमाडौं, पानीपोखरी स्थित रहने छ ।

संयुक्त कारोबार पश्चात अधिकारिक रुपमा एपको नाम खल्ती रहने छ । ठुलो चुक्ता पुजी र पचास लाख भन्दा बढी अधिकारिक प्रयोगकर्ताहरूले खल्ती एपलाई नेपालकै सबैभन्दा ठुलो र बलियो डिजिटल वालेटको रुपमा स्थापित गरेको छ । साथै भुक्तानी सेवा प्रदायक क्षेत्रमा नेपालको ग्रामिण क्षेत्रसम्म पहुँच बिस्तारमा तिब्रता आउने विश्वास कम्पनीले लिएको छ ।

नेपाल राष्ट्र बैंकबाट एकीकृत कारोबारका लागि अन्तिम स्वीकृति पाएसँगै आगामी तिन महिना सम्म प्रयोगकर्ताहरूको समायोजन कार्य तिब्र रुपमा चल्नेछ । जसका लागि दुवै एप ,आइएमई पे र खल्ती यथावत रुपमा संचालनमा रहने छन् । दुबै वालेट प्रयोगकर्ताहरूको रकम र रोयल्टी प्वाइन्टहरू ,खल्ती प्वाइन्ट र आईएमई पे रिवार्ड प्वाइन्टहरू पनि उल्लेखित समयमा एकीकृत हुनेछन् ।

खल्ती र आइएमई पे दुबैमा भएका प्रयोगकर्ताहरू एकै ट्यापमा एपमा एकीकृत हुनेछन् भने आइएमई पे मा मात्र भएका प्रयोगकर्ताहरूको स्वीकृतिमा खल्तीमा समाबेश गरिनेछ ।नया प्रयोगकर्ताको हकमा भने प्रयोगकर्ताले सिधै खल्ती एप डाउनलोड गरेर नया फिचरमा प्रवेश गर्न सक्नेछन् र आइएमई पे एपको मात्र प्रयोग गरिरहेका प्रयोगकर्ताले पनि अब खल्ती एपबाट नै सेवा सुविधाको उपयोग गर्न सक्नेछन् ।

संयुक्त कारोवार पश्चात एपको नाम खल्ती भएपनि आइएमई पेमा भएका सवै फिचरहरु त्यहाँ समावेश हुनेछन् । अहिले सम्म आइएमई पेमा रहेका ग्राहक पनि एक ट्यापमै खल्ती एपमा आवद्ध हुन सक्नेछन् ।

# स्विटजरल्याण्ड उड्नुअघि गभर्नर पौडेलको बम्पर उपहार

काठमाडौं- सीमाभन्दा बढी कर्जा लिएका व्यवसायीहरुले २०८२ असारसम्ममा पाँचवटा किस्तामा कर्जा भुक्तानी गर्न सक्ने अघिल्ला गभर्नर महाप्रसाद अधिकारीको नीति नयाँ गभर्नरले पुनरवलोकन गरेका छन् ।

जिल्ला दौडाहाका क्रममा व्यवसायीहरुले दिएको सुझावका आधारमा गभर्नर डा. विश्व पौडेलले विभागीय प्रमुखहरुसँग चालु पुंजी कर्जाको मार्गदर्शनबारे छलफल गरेलगत्तै समय सीमा बढाएका हुन् । उनले २०८२ असार मसान्तसम्म रहेको समयावधि एक वर्ष थपेका छन् ।

केही व्यवसायीले अर्थमन्त्री विष्णु पौडेललाई पनि चालु पुंजी कर्जा र निर्देशित लगानीका बारेमा लचकता अपनाउन भनेका थिए । व्यवसायीहरुका कुरा सुनेर अर्थमन्त्री पौडेलले पनि गभर्नर पौडेललाई समय सीमा बढाउन भनेका थिए ।

गभर्नर पौडेलले मंगलबार स्विटजरल्यान्ड उड्नुअघि ऋणी र बैंकरलाई बम्पर उपहार दिएका हुन् । उनी एक सातापछि फर्किने छन् ।

‘नयाँ व्यवस्थाले ऋण तिर्न सहज भएको छ,’ डेपुटी गभर्नर बमबहादुर मिश्रले बिजमाण्डूसँग भने, ‘निर्देशित लगानीहरुको समय सीमा पनि बढाइएको छ ।’

अब बैंकहरुले चालु पुँजी कर्जा अन्तर्गत प्रवाह भएका कर्जामध्ये भुक्तानी हुन बाँकी कर्जा रकमलाई समान अवधिका किस्ता कायम गरी २०८४ असार मसान्तसम्ममा भुक्तान हुने गरी तालिका बनाएर असुल गर्नुपर्छ ।

समय सीमा नबढाएको भए बैंकहरुले सीमाभन्दा बढी प्रवाह भएको चालु पुँजी कर्जा असुल नभएको अवस्थामा असार मसान्तमा सतप्रतिशत नोक्सानी व्यवस्थापन गर्नु पर्ने थियो । यसो हुँदा बैंकहरुको खराब ऋण थप बढ्ने थियो भने पुँजी कोष क्षयीकरण हुने थियो ।

राष्ट्र बैंकले संमबार साँझ गरेको सर्कुलरले बैंकहरुको आम्दानी तथा नाफा सुधार हुनेछ भने खराब ऋण थप बढ्न पाउँदैन । बैंकरहरुका अनुसार, सीमा नाघेका मध्ये ४० प्रतिशत ऋणीहरुले पैसा तिर्न नसक्ने अवस्था थियो ।

२०८२ साउन १ गतेबाट लागू हुने भनिएको भेरियन्स सम्बन्धी व्यवस्था पनि एक वर्षलाई सरेको छ ।

निर्देशित लगानीतर्फको कृषि, लघु, विपन्न वर्ग जस्ता कर्जा लगानीको समय पनि बढाइएको छ । २०८२ असार मसान्तसम्म १२ प्रतिशत पुऱ्याइसक्नु पर्ने कृषि कर्जा अब २०८३ असार मसान्तसम्म पुऱ्याए हुन्छ ।



यसैगरी घरेलु तथा साना उद्यम, उर्जा र पर्यटन क्षेत्रमा कर्जा लगानी गर्ने समय पनि बढाइएको छ । यसअघि २०८४ असार मसान्तसम्मको सीमा तोकिएकामा अब एक वर्ष थप गरेर २०८५ असार मसान्तसम्म पुऱ्याए हुने व्यवस्था गरिएको छ ।

तोकिएको समयमा निर्देशित लगानी नपुऱ्याएर बैंकहरु जरिवानामा परेपछि गभर्नर पौडेलले समय एक वर्ष थपिदिएका हुन् ।

# संस्थापक सेयर विक्रि गर्दै प्रभु बैक र छिमेक लघुवित्त

काठमाडौं- प्रभु बैक लिमिटेड र छिमेक लधुवित्त वित्तिय संस्था लिमिटेडले संस्थापक शेयर बिक्री खुल्ला गरेको छ । प्रभु बैक लिमिटेडको ९,८८२ कित्ता सेयर र छिमेक लधुवित्त वित्तिय संस्थाको २,४४,४८० कित्ता शेयर बिक्रीका लागी बुधबार बाट सिलबन्दी बोलपत्र खुला गरेको हो ।

कम्पनीले बोलकबोल माध्यम बाट प्रभु बैक लिमिटेडको शेयरको न्यूनतम मूल्य प्रति कित्ता रु १०० र छिमेक लधुवित्त वित्तिय संस्थाको लागि शेयरको न्यूनतम मूल्य प्रति कित्ता रु ३९० तोकेको छ ।

शेयर खरिदका लागि बोलकबोल गर्दा प्रभु बैक लिमिटेडको न्यूनतम १,००० कित्ताको लागि र छिमेक लधुवित्त वित्तिय संस्थाको लागि न्यूनतम ५०,००० कित्ताको लागि आवेदन दिनुपर्ने छ । आवेदन आगामी असार १० गते भित्र बिक्री प्रबन्धक रहेको मुक्तिनाथ क्यापिटल लिमिटेडमा पेश गर्न सकिने छ ।

शेयर खरिद गर्न इच्छुक बोलपत्रदाताले अथवा संघरसंस्था ,कम्पनी भएमा दर्ता प्रमाणपत्र , कर चुक्ता प्रमाणपत्र, शेयर खरिद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि र विगत २ आर्थिक वर्षदेखि संस्था मुनाफामा रहेको प्रमाणित गर्ने कागजात समेत आवेदन फारमका साथ संलग्न गर्नुपर्ने कम्पनीले जनाएको छ ।

# बिल्ट फर हिमालयज, फोटोन टुनल्यान्ड G७अब नेपालमा डेब्यु गर्ने तयार

काठमाडौं- काठमाडौं, नेपाल - असार ४, २०८२ -चीनको नम्बर १ व्यावसायिक ब्रान्ड फोटोनले आफ्नो नयाँ शक्तिशाली पिकअप गाडी फोटोन टुनल्यान्ड न७ नेपालमा सार्वजनिक गर्न लागेको छ ।

अत्याधुनिक प्रविधिसहितको यो गाडी हिमाली राष्ट्र नेपालको भौगोलिक परिवेशमा उत्कृष्ट प्रदर्शन गर्ने गरी निर्माण गरिएको हो । चीनमै पहिलो अटोनोमस कमर्सियल भेहिकल सार्वजनिक गर्ने इतिहास बोकेको फोटोनले प्रविधि र नवीनताको सीमाना निरन्तर फराकिलो बनाइरहेको छ ।




फोटोन टुनल्यान्ड G७ कम्पनीको यही प्रतिबद्धता र आधुनिक डिजाइनप्रतिको विश्वासको प्रमाण हो । टुनल्यान्ड न८ उपभोक्ताहरूका लागि बनाइएको हो जो सडकमा उच्च प्रदर्शन क्षमताका साथै इन्टेलिजेन्ट टेक्नोलोजीको चाहना राख्दछन् । नेपालको चुनौतीपूर्ण भूगोलमा उत्कृष्ट प्रदर्शन गर्न सक्षम यो गाडीमा १६० हर्सपावरको शक्ति र ३९० एनएम टर्क उपलब्ध छ ।

२२५ मिमीको प्रशंसायोग्य ग्राउन्ड क्लियरेन्स भएको यो गाडीले असहज बाटो, उकालो-ओरालो र अप्रत्याशित हिमाली बाटाहरू सजिलै पार गर्न सक्नेछ । हिल होल्ड कन्ट्रोल र हिल डिसेन्ट कन्ट्रोलजस्ता विशेषताले उकालो चढ्ने वा ओरालो झर्ने अवस्थाहरूमा सुरक्षाको अनुभूति दिलाउँछन् साथै पुस-स्टार्ट इन्जिन बटनले गर्दा सजिलै गाडी स्टार्ट गर्न मिल्छ ।

फोटोन टुनल्यान्ड G७ ले मजबुत क्षमतासँगै आरामदायी यात्रा पनि सुनिश्चित गर्छ । क्याबिनभित्र छिरेपछि १२.३ इन्चको इन्फिनिटी स्क्रिनले तपाईंलाई स्वागत गर्नेछ जसले नेभिगेसन र मनोरञ्जनमा सहजता ल्याउँछ । चालक र यात्रु दुवैलाई कुनै पनि मौसममा आरामदायी अनुभव दिनका लागि सिटहरू हीटेड र भेन्टिलेटेड छन्, र तिनीहरू १२ तरिकाले इलेक्ट्रिक रूपमा एड्जस्ट गर्न मिल्ने खालका छन् । प्यानोरामिक सनरूफले आकाशसँगको प्राकृतिक सम्पर्कको अनुभूति गराउने अपेक्षा गराउँदै शक्तिका अलावा खुलापन र सौन्दर्य पनि सँगसँगै उपलब्ध हुन सक्छन् भन्ने अनुभूति दिलाउनेछ ।

र, स्वचालित एयर कन्डिसनिङ सिस्टमले जुनसुकै मौसममा सहज वातारण सुनिश्चित गर्नेछ । फोटोनले सधैं उद्देश्यसहितको इनोभेसनमा विश्वास राख्दै आएको छ र टुनल्यान्ड न८ त्यसै विश्वासको नयाँ अध्याय हो, जुन अब नेपाली भावना र आवश्यकता अनुसार प्रस्तुत हुँदैछ ।

यो गाडी नेपालमा केवल बिक्रीका लागि ल्याइएको होइन, यो त नेपालकै लागि डिजाइन गरिएको हो । यदि तपाईं व्यवसायमा आबद्ध हुनुहुन्छ र यात्राको लागि भरपर्दो सहयात्री चाहनु हुन्छ अथवा विकेन्डमा परिवारसहित पहाडतिर जाने योजनामा हुनुहुन्छ भने फोटोन टुनल्यान्ड न८ तपाईंका ती सबै आवश्यकता पूरा गर्न तयार छ ।

# कृषि तथा उद्यमी कर्जा प्रवाहका लागि लुम्बिनी प्रदेश स्तरीय गोष्ठी चलाईने

काठमाडौं- कृषि उत्पादन बृद्धिका लागि साना किसानहरुको पहुँच बैंक सम्म पुर्याउदै लगानीलाई सरल र सहज बनाउनु पर्नेमा एक कार्यक्रमका सहभागिहरुले जोड दिएका छन । उनीहरुले सबैले अभियान नै चलाएर कृषकको पहुँच बृद्धि गर्नु पर्नेमा जोड दिएका हुन ।



हेफर ईन्टरनेशनल नेपालको आयोजनामा बुटवलमा आयोजित कार्यक्रममा उपस्थित बैंक तथा वित्तिय संस्थाका प्रमुख, बीमा कम्पनीका प्रमुख र सहकारीका पदाधिकारीहरुले उक्त विषयमा जोड दिएका हुन । सरल र सहज लगानीबाट कृषि उत्पादन बृद्धि गर्न सकिने निश्कर्ष निकालिएको छ । लुम्बिनी प्रदेशमा कृषि उत्पादन बृद्धिका लागि लगानी बढाउन र लगानीको सही सदुपयोग गर्न सरोकारवालाहरुले प्रतिवद्धता जनाएका छन ।

कार्यक्रमका प्रमुख अतिथी कृषि विकास बैंक लिमिटेडका लुम्बिनी प्रदेश निर्देशक नवराज न्यौपानेले कृषकहरुको उत्पादन परिमाण र गुणस्तर बृद्धि गर्दै बजारीकरणमा जोड दिनका लागि बैंकहरुको लगानी कृषक मैत्री हुनु पर्नेमा जोड दिनुभयो । साना किसानहरुको पहुँच बैंक सम्म पुर्याउन चुनौति भएकोमा बैंक साथी परिचानको अवधारणाबाट हेफरले गरेको सहजीकरण प्रभावकारी हुने वताउनु भयो ।

साना किसान र सहकारीहरुलाई लक्षित गरी ६ प्रतिशत व्याज दरमा ऋण प्रवाह गर्न भिटा परियोजना शुरुवात गरिएको र परियोजना मार्फत हेफरको कार्यक्षेत्र तथा लुम्बिनी प्रदेशका अन्य सम्भावित क्षेत्रहरुमा पनि वित्तिय साक्षरता कार्यक्रम र व्यवसायिक बैठकमा सहयोग र सहजीकरण गरिएको भन्दै धितोको मापदण्ड पुर्याई ऋण माग गर्ने सहकारीलाई यथासक्य छिटो ऋण प्रवाह गरिने प्रमुख न्यौपानेले वताउनुभयो ।

प्रभु बैंक लिमिटेडका प्रदेश प्रबन्धक स्मृति श्रेष्ठले प्रक्रिया पुरा गरी आएका कृषकहरुलाई प्राथमिकतामा राखी ऋण प्रवाह गरिएको वताउनुभयो । राष्ट्रिय सहकारी बैंक बुटवल शाखा प्रमुख संगिता धितालले हेफरसँगको सहकार्यमा सामाजिक उद्यमी महिला सहकारीहरुमा विना धितो ऋण लगानी गरेको जानकारी गराउदै सहकारीहरुको क्षमता विकासमा जोड दिदै, कृषि तथा पशु बीमालाई प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने र सहकारीहरुको डकुमेन्टसनमा विशेष ध्यान दिनुपर्ने वताउनु भयो ।

हेफर ईन्टरनेशन नेपालका बरिष्ठ कार्यक्रम प्रबन्धक प्रेम कुमार साम्व्युले सहकारीको क्षमता विकास तथा लगानीको वातावरण निर्माण गर्नका लागि हेफरले सहयोग र सहजीकरण गर्दै आएको उल्लेख गर्दै, हेफरको सहजीकरण सहयोगमा १७ वटा बैंकहरुसँग समन्वय गरी नेपाल भर २ अर्व ४० करोड ६२ लाख ७६ हजार ४ सय ८ रुपैया ११ हजार ६ सय ९५ जनालाई लगानी गरिएको बताउनुभयो ।

साथै हेफर बुटवल क्षेत्रिय कार्यालय अन्तरगत १६ वटा बैंक तथा वित्तिय

» बाकी ६ पृष्ठमा

**सांस्कृतिक विविधताको सम्मान गरौं ।**

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

‘सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं’

नेपाल सरकार
विज्ञापन बोर्ड

## खेलकुद

# चितवन राइनोजमा कुशलसहित ६ खेलाडी रिटेन



काठमाडौं- चितवन राइनोजले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपीएल) का लागि ६ खेलाडीलाई रिटेन गरेको छ ।

चितवनले मार्की खेलाडी तथा कप्तान कुशल मल्लसहित ग्रेड 'ए' का रिजन ढकाल र कमलसिंह ऐरी, ग्रेड 'बी' का दीपक बोहरा र अमरसिंह राउटेला तथा ग्रेड 'सी' का गौतम केसीलाई टिममा राखेको छ ।

ग्रेड 'ए' का शरद भेषावकर, ग्रेड 'बी' का दिपेश श्रेष्ठ र विपिन रावल तथा ग्रेड 'सी' का सन्तोष कार्की र रञ्जित कुमार तथा ट्यालेन्ट हन्टका सलाउद्दिन खानलाई रिलिज गरिएको चितवनले जनाएको छ ।

यसअघि सुदूरपश्चिम रोयल्सले रिटेन र रिलिज गरिएका खेलाडीको सूची सार्वजनिक गरिसकेको छ ।

# नेकोस कप राष्ट्रिय स्केटिङ

हेटौंडा – हेटौंडा स्केट पार्कमा भएको नेकोस कप राष्ट्रिय रोलर स्केटिङ प्रतियोगिता सकिएको छ ।

चार विधाअन्तर्गत १२ वर्षमुनि र १२ वर्षमाथि गर्ल्स र ब्वाइज खेलाडी सहभागी थिए । ब्वाइजतर्फ १२ वर्षमुनि डिकन महतारा प्रथम र आयुश स्याङ्तान द्वितीय र १२ वर्षमाथि बज्र दोङ प्रथम, सुनिल लामा द्वितीय र आयुश रुम्बा तृतीय भए ।

गर्ल्सतर्फ १२ वर्षमुनि सुरक्षा प्रधान प्रथम, कल्पना राई द्वितीय, समिस्ता प्रधान तृतीय भएका छन् । १२ वर्षमाथि काठमाडौंकी मुस्कान मगर प्रथम, नायना शाक्य द्वितीय, आयुश्मा शाही ठकुरी तृतीय भए ।

गर्ल्सतर्फ १२ वर्षमुनि रश्मी सूचीकार, १२ वर्षमाथि निशिका लामा र ब्वाइज १२ वर्षमाथि




सुशील श्रेष्ठ उत्कृष्ट स्केटर भएका छन् ।

करिब एक सय जनाको सहभागिता रहेको प्रतियोगितालाई मकवानपुरको बागमती गाउपालिका अध्यक्ष सर्केस घलानले उद्घाटन गरेका थिए । शीर्ष तीन स्थानका खेलाडीले क्रमश: १० हजार, ५ हजार र ३ हजार पुरस्कार पाए । प्रतियोगिता नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघके आयोजना भएको हो ।

# हल गोरु पाल्ने किसानलाई पालिकाले १० हजार दिने

स्याङ्जा- स्याङ्जाको फेदीखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान दिएको छ ।

परम्परागत कृषि प्रणालीको संरक्षण र कृषकलाई आर्थिक प्रोत्साहन दिने उद्देश्यले हल गोरु पाल्ने किसानलाई अनुदान दिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताएका छन् ।

पछिल्लो समय गाउँगाउँमा गोरु पाल्न छाड्ने क्रम बढ्दै गएपछि हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप प्रतिहल रु १० हजार अनुदान दिइएको हो ।

फेदीखोला गाउँपालिकाका पाँचवटै वडाबाट हल गोरुको तथ्याङ्क सङ्कलन गरी प्रोत्साहन अनुदान प्रदान गरेको हो । हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत २२४ जना किसानहरु समेटिएका छन् ।

कुल २९० हल गोरुका लागि रु १४ लाख ४५ हजार अनुदान वितरण गरिएको उनले बताए । यो कार्यक्रममार्फत आर्थिक, सामाजिक, पर्यावरणीय र सांस्कृतिक महत्वलाई जोगाइ राख्नका लागि टेवा पुग्ने गाउँपालिकाको अपेक्षा रहेको छ ।

'हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदानले विशेषगरी आर्थिक, सामाजिक, पर्यावरणीय, सांस्कृतिक रुपमा समेत प्रभाव पार्ने देखिन्छ,' उनले भने, 'किसानको मनोबल बढाउँदै दिगो, आत्मनिर्भर र सांस्कृतिक रुपमा समृद्ध कृषि प्रणालीतर्फ सकारात्मक सङ्केत दिएको छ ।'

किसानको उत्पादन लागत घटेर आम्दानी बढ्ने, सामूहिक श्रम



र पराम्परागत कृषि अभ्यासको पुनर्जीवनमा टेवा पुग्ने विश्वास उनको छ ।

यान्त्रिक प्रविधिहरुको प्रयोगबाट हुने जोताइको सट्टामा वातावरणमैत्री विधिको प्रोत्साहनमा जोड दिएको हो । 'पछिल्लो समय गोरु पाल्ने चलन हराउँदै गएको छ, हाम्रो परम्परा मेटिँदै गएको छ,' उनले भने, 'एकातिर हाम्रो परम्पराको संरक्षण हुने र अर्कोतर्फ जैविक मल घरमै उत्पादन गर्न सकिने भएकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराएका हौं ।'

यो कार्यक्रममा गाउँपालिकाको ७५ प्रतिशत अनुदान र किसानको २५ प्रतिशत लागत साझेदारी रहेको फेदीखोला गाउँपालिका पशुपक्षी विकास उपशाखाका प्रमुख भगवानदेव यादवले बताए ।

गाउँपालिकाले हल गोरु पालेका किसानहरुलाई प्रोत्साहन अनुदान दिनेसम्बन्धी सूचना सार्वजनिक गरेपछि वडावडाबाट निवेदन सङ्कलन भएको थियो ।

सङ्कलन भएका निवेदनहरुउपर जनप्रतिनिधि तथा कर्मचारीहरु घरघरमै पुगेर अनुगमनपश्चात् प्रमाणित भएपछि सम्बन्धित किसानको बैङ्क खातामा रकम जम्मा गरिदिने भएको उनले बताए ।

'एउटै किसानले पालेको एक हल गोरु अथवा दुईजना किसानको मिलाएर एक हल गोरु बनाइएको रहेछ भने पनि पालिकाले प्रोत्साहनस्वरुप ७५ प्रतिशत अनुदान दिन्छ,' उनले भने, 'गोरु पाल्ने किसानहरुको सबै तथ्याङ्क सङ्कलन गरी प्रक्रिया पूरा भइसकेको छ ।'

# धनगढीमा शिक्षामा दलित छात्राको पहुँच बढाउन ८ देखि स्नातकसम्म छात्रवृत्ति दिने



धनगढी- धनगढी उपमहानगरपालिकाले शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षामा उपमहानगरवासीको सर्वसुलभ पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित आगामी आर्थिक वर्षदेखि शिक्षा क्षेत्रमा विभिन्न महत्वाकांक्षी कार्यक्रम लागू गर्ने भएको छ ।

उपमहानगरले संघ तथा प्रदेश सरकार, गैरसरकारी निकाय र निजी क्षेत्रको सहकार्यमा सामाजिक न्याय र समावेशीतालाई सम्बोधन गर्दै शिक्षा क्षेत्रमा सुधार ल्याउने योजना अघि सारेको छ ।

शिक्षा, युवा तथा खेलकुद विकाससम्बन्धी कार्यनीतिअन्तर्गत बहुपक्षीय साझेदारीमार्फत लोककल्याणकारी उपमहानगरको परिकल्पना साकार पारिने जनाइएको छ । खासगरि समाजमा पछाडि पारिएका वर्गको शैक्षिक पहुँच अभिवृद्धि गर्न उपमहानगरले दुईवटा विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नेछ ।

विद्यालय तह कक्षा ८ देखि १० सम्म 'दलित अभियन्ता जुठे दमाइ छात्रवृत्ति कार्यक्रम' ल्याएको छ । यो कार्यक्रमअन्तर्गत विद्यालय तहमा कक्षा ८ देखि १० सम्म अध्ययनरत दलित छात्राहरुलाई वार्षिक दुई हजार रुपैयाँसम्मको स्टेशनरी सामग्री नि:शुल्क उपलब्ध गराइनेछ उपमहानगरपालिकाले जनाएको छ ।

आमा शिक्षित भएमा परिवार, समाज र राष्ट्रकै समग्र विकासमा योगदान पुग्छ भन्ने विश्वासका आधारमा दलित छात्रा लक्षित योजना ल्याएको हो । यसले सामाजिक समावेशीकरण र लैङ्गिक समानता प्रवर्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस्तै ११, १२ र स्नातक तहसम्म अध्ययन गर्ने दलित छात्राहरूकै लागि 'दलित अभियन्ता टिकाराम पार्की छात्रवृत्ति कार्यक्रम' ल्याएको छ ।

यो कार्यक्रम अन्तर्गत कक्षा ११ र १२ देखि स्नातक तहसम्म विज्ञान, शिक्षा, कानुन र कृषि विषय अध्ययनरत दलित छात्राहरुलाई उच्च शिक्षा प्राप्तिमा सहयोग गरिनेछ । यसले दलित समुदायका विद्यार्थीहरूलाई प्रोत्साहन दिने र दक्ष जनशक्ति उत्पादनमा टेवा पुऱ्याउने नगर प्रमुख गोपाल हमालले बताए ।

उनकाअनुसार दलित छात्राहरूलाई शिक्षामा प्रोत्साहन गर्न ल्याइएको छात्रवृत्ति योजनाका लागि बजेटको समेत प्रबन्ध मिलाइएको छ ।

उपमहानगरले विद्यालय तहको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विशेष योजना समेत अघि सारेको छ ।

उपमहानगरपालिकाले विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने, एकीकृत शैक्षिक क्यालेन्डरमार्फत विद्यालयका शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने नीति लिएको छ ।

यी कार्यक्रममार्फत उपमहानगरले समावेशी र गुणस्तरीय शिक्षामा नागरिकको पहुँच अभिवृद्धि गर्दै शैक्षिक रूपान्तरणमा गति दिने अपेक्षा गरेको छ ।

धनगढी उपमहानगरपालिकाले गत शनिबार आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट ल्याएको थियो ।

उपमहानगरपालिकाले अगामी वर्षका लागि दुई अर्ब ५६ करोड ४ लाख बराबरको बजेट ल्याएको छ ।

चालुतर्फ एक अर्ब ३८ करोड २५ लाख ५१ हजार र पुँजीगततर्फ एक अर्ब १८ करोड २९ लाख बजेट छुट्याइएको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा उपमहानगरपालिकाले २ अर्ब १८ करोड ४२ लाख ३२ हजार २२० रुपैयाँको बजेट कार्यान्वयन गरेको थियो ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षको तुलनामा ३७ करोड ६२ लाख ३३ हजार ७८० ले बढि बजेट ल्याएको छ । यो अघिल्लो वर्षको तुलनामा १७.२२ प्रतिशतले बढी हो ।

# बजेट किसानको विपक्षमा : सांसद भूसाल

काठमाडौं- नेकपा (एकीकृत समाजवादी) का सांसद डा. वेदुराम भूसालले बजेटले किसानको विपक्षमा काम गरेको आरोप लगाएका छन् ।

राष्ट्रिय सभा बैठकको विशेष समयमा बोल्दै सांसद भुसालले सरकारले वर्तमान सरकार किसानको भन्दापनि व्यापारीको पक्षमा रहेको आरोप लगाएका हुन् ।

उनले उखु किसानलाई दिइँदै आएको अनुदान बन्द गरेर उखुबाटै उत्पादन भएका गुँड, सक्खर र चिनीको भन्सार शुल्कमा तीस प्रतिशत घटाएर किसानलाई डस्ने र व्यापारीलाई पोस्ने काम गरेको दाबी गरे ।

'सरकार किसानको पक्षमा होइन व्यापारीको पक्षमा रहेछ । व्यापारीका निम्ति विदेशबाट आयात गर्ने त्यही उखुबाट उत्पादन भएको सामानका लागि सरकारले भन्सार शुल्क घटाएको छ, किसानलाई अनुदान बन्द गरेको छ,' भूसालले भने, 'यसबाट प्रष्ट देखिन्छ सरकार किसानको पक्षमा होइन, व्यापारीको पक्षमा छ । अनि यस्तो निर्णयलाई किसानलाई डस्ने र व्यापारीलाई पोस्ने निर्णय नभनेर के निर्णय भन्ने होला भन्ने मलाई लाग्यो ।'




सांसद भुसालले गत माघ महिनादेखि दूध उत्पादक किसानले भुक्तानी नपाएको भन्दै सरकारले किसानलाई भुक्तानी दिनपनि नसकेको र दिलाउनका लागि कुनैपनि पहल नगरेको स्पष्ट पारे ।

'८० करोड अहिले पनि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयअन्तर्गतको कृषि विभागमा रहेछ । त्यसमा सरकारले ६० करोड थप्दा कृषि किसानले त्यो अनुदानको निरन्तरता पाउने रहेछन् । तर, यो सरकारले त्यति थप्न पनि चाहेन र थपेन । अर्कोतर्फ सरकारले के गरेको रहेछ भने उखुबाट उत्पादन, गुँड, सक्खर र चिनीको भन्सार शुल्कमा तीस प्रतिशतबाट घटाएर ५० प्रतिशत मात्र बनाएको रहेछ,' उनले भने ।

# आईटी छुट्टै क्षेत्र होइन, यसलाई सबैसाग जोडेर हेर्ने बेला आएको छ : गगन थापा

काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सूचना प्रविधिलाई अझै पनि छुट्टै क्षेत्रका रूपमा मात्रै हेर्न नहुने बताएका छन् ।

काठमाडौंमा सोमबार आयोजित एक कार्यक्रममा बोल्दै थापाले एउटा क्षेत्रको रुपमा मात्र नहेरी अब आईटीलाई सम्पूर्ण क्षेत्रसँग जोडेर हेर्ने बेला आएको बताएका हुन् ।

'नेपालमा हामी छुट्टै कृषिको कुरा गरिरहेका हुन्छौं । स्वास्थ्य, शिक्षाको छुट्टाछुट्टै कुरा गरिरहेका छौं । मानौं, त्यो चाहिँ छुट्टै संसार हो,' थापाले भने, 'अनि आईटीमा काम गरिरहेकाको चाहिँ अर्को छुट्टै संसार भन्ने ठान्छौं । त्यो हैन । आईटी भनेको त कृषि, स्वास्थ्य, शिक्षामा कसरी प्रविधि लाने भन्ने विषय हो ।'

जस्तो, 'शिक्षा क्षेत्रमा गणित र विज्ञानमा ठूलो समस्या छ भनेपछि सायद प्रविधिले त्यसलाई सहज बनाउन सक्छ कि ? यसबीचको खाडल भर्न सक्छ कि ? हाम्रो स्वास्थ्यमा जनशक्तिको एकदम ठूलो समस्या छ भनेपछि त्यहाँ प्रविधि प्रयोग गर्न सक्छौं कि ? भनेर सोच्ने बेला आएको' थापाले बताए ।

'सेक्टर छुट्टाएर हैन, यी सबैलाई एकैठाउँ राखेर काम गर्नुपर्छ । छलफल गर्नुपर्छ,' थापाले भने ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४३, २०८२ साल असार १० गते मंगलबार (JUL 2, 2025)

# प्रकाशमानलाई कान्छारामको चेतावनी : १५औं महाधिवेशनमा हिसाब-किताब हुन्छ



काठमाडौं- नेपाली कांग्रेसका सांसद पूर्णबहादुर तामाङ (कान्छाराम) ले उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले आवश्यकताको आधारमा योजना छनोट नगरेको बताएका छन् ।

काठमाडौं बसेर काठमाडौंमै मात्रै योजना हालेको भन्दै उनले प्रकाशमान सिंह देशभरिको नेता बन्न नसकेको बताए ।

पार्टीमा पनि नेता रहेका प्रकाशमान सिंहले बजेटमा गरेको असमान वितरणको हिसाब किताब पार्टीको १५औं महाधिवेशनमा गर्ने चेतावनी दिए ।

'तपाईं सुध्रिनुस् भनेर भनिदिएको हो । हरेक मान्छेले तपाईंलाई चयाप्दै ल्याएको छ,' उनी भन्छन्, '१५औं महाधिवेशनमा तपाईंसँगको कुराको छलफल हुन्छ । हामी पनि महाधिवेशन चुनाव जितेर आउँला नि,' सांसद कान्छारामले भने ।

बजेटको असमान वितरणबारे पार्टीमै कुरा राख्न खोजेको पनि उनले बताए ।

दलले बैठक नराखेकोले संसद्मै राखेको उनले बताए ।

पार्टी सभापति हुने भनेर आशा गरेको व्यक्तिबाट असमान बजेट वितरण हुनुले दुःख लागेको उनको भनाइ छ ।

सांसद तामाङले अर्थमन्त्री विष्णु पौडेले पनि आफ्नो र शीर्ष नेताको निर्वाचन क्षेत्र मात्रै हेरेको आरोप लगाए । सहरी विकास मन्त्री र अर्थमन्त्रीले मित लगाए जस्तो योजना साटासाट गरेको टिप्पणी गरे ।

सांसद तामाङले सहरी विकासमन्त्री सिंह र अर्थमन्त्री विष्णु पौडेल दुवै २०८४ को चुनावमा पुनः चुनाव जितेर संसद्मा नआउन् भन्ने कामना पनि गरे ।

# अन्तराष्ट्रिय

# कतार र इराकका अमेरिकी सैन्य अड्डामा इरानद्वारा मिसाइल हमला

दोहा – इरानले सोमबार राति कतार र इराकमा रहेका अमेरिकी सैन्य अड्डामा मिसाइल आक्रमण गरेको दाबी गरेको छ । उक्त आक्रमण अमेरिकाद्वारा इरानका आणविक केन्द्रमा गरिएको बमबारीको बदला स्वरूप भएको जनाइएको छ ।

यस हमलापछि मध्यपूर्वका अस्थिर क्षेत्रको तनाव झन् बढ्न सक्ने आकलन गरिएको छ ।

आक्रमणको घोषणा इरानी सरकारी टेलिभिजनमार्फत गरिएको थियो, जहाँ सैन्य संगीतको पृष्ठभूमिमा 'अमेरिकाको आक्रमणको विरुद्धमा शक्तिशाली र सफल जवाफ' भनी स्क्रिनमा देखाइएको थियो ।

आक्रमणको घोषणापछि हवाइ मार्ग बन्द गरेको केहीबेरमै दोहास्थित अल उदीद हवाइ अड्डामा हमला भएको कतारी अधिकारीहरुले जनाएका छन् ।

यसैबीच कतारले दोहामा भएको आक्रमणको निन्दा गरेको छ । तर मिसाइल सफलतापूर्वक निस्क्रिय पारिएको र कुनै पनि मानवीय क्षति नभएको सरकारी दाबी छ । कतारी अधिकारीहरूले हालसम्म आफ्ना हवाई क्षेत्र सुरक्षित रहेको जनाएका छन् ।

कतारको विदेश मन्त्रालयले इरानी क्रान्तिकारी गार्डले गरेको आक्रमणलाई 'कतारको सार्वभौमसत्ता, हवाइ क्षेत्र र अन्तर्राष्ट्रिय कानुनको खुला उल्लंघन' भनेको छ ।



इरानले कतारमा गरिएका मिसाइल प्रहार अमेरिकाद्वारा सप्ताहन्तमा इरानमा गरिएका बम आक्रमण बराबरको संख्याका भएको जनाएको छ । साथै इरानले ती हमला बस्ती बाहिर छानेको बताएको छ ।

अल उदीद सैन्य अड्डा अमेरिकी संयुक्त हवाई अभियान केन्द्रको मुख्यालय हो, जहाँबाट सम्पूर्ण क्षेत्रभर अमेरिकी हवाइ शक्ति सञ्चालनको कमान्ड र नियन्त्रण गरिन्छ । यसै अड्डामा विश्वकै सबैभन्दा ठूलो '३७९ औं एयर एक्सपेडिसनरी विङ' पनि अवस्थित छ ।

आइतबार बिहान मात्रै अमेरिकाले इरानका तीन आणविक क्षेत्रमा बमबारी गरेको थियो ।

इराकका सैन्य अड्डामा मानवीय क्षति भए, नभएको बारे विवरण आउन बाँकी छ ।

# पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव सहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



काठमाडौं- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलन कुमार थापासहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आइतबार थापासहित १४ जना व्यक्ति र दुई कम्पनीविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दायर भएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए ।

उनीहरूले आपसी मिलेमतोमा १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ ३१ पैसा हिनामिना गरेको आरोप लगाउँदै अख्तियारले विशेषमा मुद्दा दायर गरेको हो ।

पशुपतिमा विद्युतीय शवदाह गृहको मेसिन खरिद तथा जडान प्रक्रियामा मिलेमतो गरी कोषको सम्पत्ति हिनामिना र हानी नोक्सानी पुऱ्याएर भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

# तामाकोशी नदीमा निर्माणाधीन मोटरेबल पुल फेरि भाँचियो



काठमाडौं- रामेछापको मन्थली नगरपालिका-६ कुनाउरी र ७ भटौलीलाई जोड्ने तामाकोशी नदीमा निर्माणाधीन मोटरेबल पुल भाँचिएको छ । निर्माणको क्रममा रहेको उक्त पुल आइतबार बिहान भाँचिएको हो ।

पुलको भटौलीतर्फको भागको स्ल्याब भाँचिएर तल खसेको छ । सोही पुल यसअघि पनि वैशाख २६ गते भाँचिएको थियो । निर्माणको जिम्मा लिएको कालिकारकल्पवृक्ष जेभीले यसअघि भाँचिएको पुलको पुनर्निर्माण गरिरहेको अवस्थामा पुनः पुल भाँचिएको स्थानीयले बताएका छन् । मन्थली नगर पालिका-७ मुगिटारका सुरज श्रेष्ठले एक महिनाअघि पुलको जुन भाग भाँचिएको थियो, सोही भाग पुनः निर्माणको क्रममा फेरि भाँचिएको बताएका छन् ।

७८,७९ मा सडक विभागअन्तर्गतको पुल महाशाखासँग निर्माण कम्पनीले २०८२ भदौ मसान्तसम्म निर्माण सम्पन्न गर्ने गरी २२ करोड ५५ लाख ४० हजार मा निर्माण सम्झौता गरेको थियो । पुल निर्माणको ६० प्रतिशत भुक्तानी कम्पनीले लिइसकेको अवस्थामा एकै स्थानमा दोस्रो पटक पुल भाँचिएपछि स्थानीयले गुणस्तर प्रति प्रश्न उठाएका छन् ।

२३० मिटर लम्बाइ र ११ मिटर चौडाइको उक्त मोटरेबल पुल निर्माणपछि मन्थली-भटौलीसहित खाँडादेवी र दोरम्बा शैलुङ गाउँपालिकाको आवतजावत सहजताका लागि निर्माण भइरहेको हो । यस्तै, सिन्धुलीको खुर्कोट र रामेछापको मन्थली जोड्ने छोटो दूरीसमेत पुल बनेपछि हुने स्थानीयले बताएका छन् ।

पृष्ठ १ बाट जारी

## रास्वपा...

रामेछाप रास्वपाले हिजो अर्थात असार ६ गते पार्टी स्थापना दिवसकै अवसरमा संगठन सवलीकरण तथा जागरण अभियान कार्यक्रम पनि गरेको थियो उक्त कार्यक्रममा बागमती प्रदेशका सभापति डा. अचुतम् लामिछाने प्रमुख प्रशिक्षकको रुपमा आउनु भएको थियो ।

त्यसैगरी प्रशिक्षकको रुपमा नै केन्द्रीय अनुसाशन आयोगका रमाकान्त अर्याल, बागमती प्रदेश प्रशिक्षण बिभाग सदस्य शम्भुराज शर्मा लगायतले प्रशिक्षण दिनुभएको थियो ।

संगठन सवलीकरण तथा जागरण अभियानको आयोजना जिल्लाले गरेको थियो । उक्त कार्यक्रम सफल बनाउन बागमती प्रदेश सदस्य तथा विपेश खत्रीको संयोजकत्वमा दिपेश बस्नेत, रमित मानान्धर ३ सदस्यीय समिति बनेको थियो ।

संगगठन सवली करण तथा जागरण अभियानमा सहभागी ६२ जना र रक्तदानमा सहभागी २० जनालाई प्रमाणपत्रले सम्मानित समेत गरिएको थियो ।

रक्तदान कार्यक्रमको प्रमाणपत्र जिल्ला सभापति रमेश कुमार राय र नेपाल रेडक्रस सोसाइटी रामेछापका सभापति शिब कुमार कार्कीले संयुक्त रुपमा सम्मानित गरिएको थियो ।

पृष्ठ १ बाट जारी

## बालमन्दिर...

अनुसन्धानका क्रममा पदाधिकारीहरुले सम्झौता अवधि १७ वर्ष बाँकी छँदै पुनः थप ३८ वर्ष भाडामा दिने सम्झौता गरेको समेत भेटिएको थियो ।

नक्सालमा बाल संगठनको नाममा ११९ रोपनी १२ आना ३ पैसा जग्गा छ । त्यसमध्ये २८ रोपनी ५ आना १ पैसा जग्गा नेपाल बाल संगठनले बृहस्पति विद्यालय व्यवस्थापन प्रालि (बृहस्पति विद्या सदन) लाई भाडामा दिने सम्झौता गरेको थियो ।

बृहस्पतिलाई जग्गा भाडामा दिन २०४९, २०५३, २०५८, २०५९ र २०७२ सालमा गरी पाँच पटकसम्म सम्झौता भएको थियो । यो प्रकरण सतहमा आएपछि सम्झौता रद्द भएको थियो ।

पृष्ठ १ बाट जारी

## कृषि तथा उद्यमी कर्जा...

संस्थाहरुसँग समन्वय गरी ३ सय २१ जना महिला तथा युवा उद्यमी र २९ वटा सहकारीमा ४० करोड ७७ लाख ०८ हजार रुपैया लगानी गरिएको वताउनु भयो । बुटवल क्षेत्रिय कार्यालय अन्तरगत पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, रुपन्देही र स्याङ्जा जिल्लाका १२ वटा स्थानीय तह र ८१ वटा सहकारीमा कार्यक्रम सञ्चालन भएको वताउनु भयो ।

कार्यक्रममा एभरेष्ट बैंक लिमिटेड बुटवलका प्रबन्धक प्रभात रमण उप्रेती, प्रभु बैंक लिमिटेड तानसेन शाखा प्रबन्धक नगेन्द्र रत्न कोईराला, रानीबास गुल्मी शाखा प्रबन्धक नविन बस्याल, राष्ट्रिय सहकारी बैंक लिमिटेड तिलोत्तमा शाखा प्रमुख रविन गौतम, भैरहवा शाखा प्रमुख ऋषिकेश ज्ञवाली, सिद्धार्थ ईन्स्योरेन्स कम्पनी पाल्पाका प्रमुख गणेश पन्थी, रक्स्त्व परियोजनाका लुम्बिनी प्रदेशका फोकल पर्शन बालकृष्ण अर्याल, सप्लाई चेन अधिकृत रुपेश न्यौपाने, निशा न्यौपाने, सेवा नेपालका केन्द्रिय सदस्य शारदा रायमाझी, लुम्बिनी प्रदेश सहसचिव तुल्सी थापा, मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष कमला भण्डारी, मुहान सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष लिला अधिकारी, गंगाजल कृषि तथा पशु विकास महिला सहकारी संस्थाकी अध्यक्ष सिमा सिंजापति, बैक साथी सुनौला के.सीले बैंक मार्फत हुने लगानी प्रकृया, धितो मुल्यांकन, बैंक साथी परिचालन, बीमा, वित्तिय साक्षरता र व्यवसायिक बैठक लगायतका विषयमा छलफल गर्नु भएको थियो ।

हेफर ईन्टरनेशन नेपालको सहजीकरणमा गरिएको लगानीको अवस्था, अवसर र चुनौतिको विषयमा हेफर ईन्टरनेशन नेपालका वित्तिय अधिकृत नागेन्द्र भट्टले प्रस्तुत गर्नु भएको थियो । बुटवलमा आयोजित कार्यक्रमको सहजीकरण हेफर ईन्टरनेशनल नेपालका बरिष्ठ कार्यक्रम अधिकृत विष्णु पाण्डेले गर्नु भएको थियो ।

**अनलाइन ठगीबाट बचौं र बचाऔं**

**अनलाइन ठगहरूले:**

- तपाईंले चिठ्ठा जित्नुभयो,
- तपाईंको बैंक खाता बन्द हुँदैछ, तुरुन्त OTP पठाउनुहोस्,
- यो लिङ्क क्लिक गर्नुस्, ठूलो इनाम पाउनुहुनेछ,
- म विदेशबाट पैसा पठाउँदै छु, तपाईंको खाता पठाउनुहोस् जस्ता अनेकौं प्रलोभन दिन सक्छन् ।

**त्यसबाट बच्न:**

- OTP, पासवर्ड वा बैंक विवरण कसैलाई नदिऔं,
- अपरिचित लिङ्क वा एप डाउनलोड नगरौं,
- कुनैपनि प्रकारका प्रस्तावमा नलोभिऔं,
- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिलाई व्यक्तिगत जानकारी नदिऔं,
- ठगी भएको वा हुन लागेको शङ्का लागेमा तुरुन्तै नजिकको प्रहरीलाई खबर गरौं ।

'सावधानी अपनाऔं, अनलाइन ठगीबाट बचौं'

नेपाल सरकार
विज्ञापन बोर्ड

# अघि बढ्यो चलचित्र विधेयक



काठमाडौं- चलचित्र विधेयक संसदीय प्रक्रियामा अघि बढेको छ। राष्ट्रिय सभामा सोमबार यो विधेयकमाथि माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुँदैछ।

राष्ट्रिय सभाको बैठक बिहान ११ बजे बस्दैछ । जहाँ सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले ‘चलचित्र विधेयक, २०८१ माथि विचार गरियोस्’ भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम छ।

यो विधेयक उनै मन्त्री गुरुङले १४ वैशाख २०८२ मा राष्ट्रिय सभामा दर्ता गरेका थिए। यही जेठ ६ गते विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो । अब विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल भएपछि सांसदहरूले संशोधन प्रस्ताव दर्ता गर्ने समय पाउँछन्।

राष्ट्रिय सभा नियमावली अनुसार सांसदहरूलाई विधेयकमाथि संशोधनका लागि ७२ घण्टाको समय प्राप्त हुन्छ । सांसदहरूको संशोधन र प्रस्तावित विधेयक एकै ठाउँ राखेर दफावार छलफल गरेर सभाले विधेयक अगाडि बढाउँछ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार विक्रम संवत् २०२६ सालमा बनेको चलचित्र ऐनलाई समयसापेक्ष परिमार्जन गर्ने गरी विधेयक ल्याइएको छ।

चलचित्र ऐनलाई समावेशी एवम् संघीय संरचना र नयाँ प्रविधिअनुरूप बनाउन विधेयक ल्याइएको विधेयकमै उल्लेख छ।

विधेयकको उद्देश्य र कारणमा भनिएको छ, ‘चलचित्र क्षेत्रलाई सामाजिक, सांस्कृतिक र मनोरञ्जनात्मक उद्योगको रुपमा विकास गर्न, चलचित्र मार्फत देशलाई पर्यटन गन्तव्यको रुपमा अगाडि बढाउन, स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन गर्नु अघि चलचित्र जाँच गर्ने व्यवस्था गर्न तथा स्वदेशी चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमन गर्न आवश्यक भएकोले ‘चलचित्र सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न यो विधेयक बनेको हो।’

अब यो विधेयकमाथि दफावार छलफल सभामै वा संसदीय विषयगत समितिमा हुन्छ । दफावार छलफलपछि विधेयक पारित गर्ने प्रक्रियामा जान्छ।

राष्ट्रिय सभाले प्रक्रिया पुरा गरेर विधेयक पारित गरेपछि प्रतिनिधि सभामा जान्छ । प्रतिनिधि सभाले पारित गरेपछि पुनः राष्ट्रिय सभामा जान्छ।

राष्ट्रिय सभाले प्रतिनिधि सभामा भएको संशोधन स्वीकार गरेको खण्डमा विधेयक सभाध्यक्ष हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयक ऐनमा बदलिएर कार्यान्वयनमा आउँछ।

# अनमोल केसी र फिल्म “फर्की फर्की” विरुद्ध अदालतमा मुद्दा दायर

काठमाडौं- आफ्नो फोन नम्बर दुरुपयोग गरेको भन्दै साहित्यकार नरेन्द्रबहादुर श्रेष्ठले अभिनेता अनमोल केसी र उनको फिल्म ‘फर्की फर्की’को टिमविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

उक्त फिल्ममा आफ्नो फोन नम्बर दुरुपयोग गरिएको र यसले आफूलाई मानसिक र शारिरिकरुपमा हानी पुगेको उनले दायर गरेको रिटमा उल्लेख छ। उनले वारेसमार्फत सोमबार मुद्दा दायर गरेका हुन्।

काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले यसबारे जानकारी दिए।

दायर रिटमा श्रेष्ठले आफ्नो मोबाइल नम्बर दुरुपयोग गरिएको र एमएसएम ओटीटी प्लाटफर्मबाट मोबाइल नम्बर हटाउन आग्रह गर्दा पनि नहटाएकाले कार्वाहीको माग गरिएको छ।

आफूलाई मानसिक तथा शारिरीक रुपमा




हानिनोक्सानी भएको भन्दै उनले उचित क्षतिपूर्तिको माग राखेका छन्।

रिटमा अभिनेता केसी, निर्देशक सुयोग गुरुङ, चलचित्र जाँच समिति, निर्माता रोहित अधिकारी लगायतलाई विपक्षी बनाइएको छ। उनीहरूलाई कानून अनुसार सजायको माग गरिएको छ।

यसबारे चलचित्र नियामक निकायलाई पटकपटक पत्र पठाएर जानकारी गराए पनि सुनुवाइ नभएपछि मुद्दा दायर गरिएको पनि रिट निवेदनमा उल्लेख छ।

# “अञ्जिला”ले पूरा गर्यो सय दिन




काठमाडौं- राष्ट्रिय महिला फुटबल टिमकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवन संघर्षमा आधारित रहेर बनेको फिल्म ‘अञ्जिला’ले प्रदर्शनमा अर्को महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।

शुक्रबार फिल्मले प्रदर्शनको सय दिने यात्रा पूरा गरेको हो। यो फिल्म काठमाडौंको क्यूएफएक्स चेनको सामाखुसीस्थित सिटी स्क्वायर मलमा एक सय दिनसम्म चलेको हो।

सय दिनको अवसरमा भने क्यूएफएक्सको सिटी स्क्वायर हलसहित काठमाडौंकै कीर्तिपुर सिनेप्लेक्स, इटहरीको इलाइट हल, बिर्तामोडको पाथीभरा सिनेप्लाजा, चितवन पर्सा बजारको म्याङ्गो जनज्योति सिनेमा र विराटनगरको सेन्ट्रल मल्टीप्लेक्समा फिल्म प्रदर्शन भइरहेको छ । एक सय दिनको अवधिसम्म फिल्मले १२ करोडमाथि कमाइ गरेको निर्माताको दाबी छ।

‘अञ्जिला’ गत फागुन २९ गतेबाट प्रदर्शनमा आएको थियो। ‘वर्ड अफ माउथ’ बलियो हुँदा फिल्मले प्रदर्शनको तेस्रो सातासम्म आकर्षक कमाइ गरेको थियो। यो गत वर्षको अन्तिम सुपरहिट फिल्म हो। साथै, २०८१ सालमा सर्वाधिक कमाइ गर्ने फिल्मको उत्कृष्ट पाँचमा समेत अटाएको छ। नेपालमा फिल्म राम्रो चलेपछि विदेश राइट्सबाटै निर्माताले लगानी सुरक्षित गरेका थिए।

मिलन चाम्सको निर्देशनमा तयार भएको ‘अञ्जिला’मा कप्तान एन्जिला आफैं मुख्य भूमिकामा छिन् भने दयाहाङ राई, सिर्जना सुब्बा, विजय बराल, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठ लगायतको पनि अभिनय रहेको छ। यसका निर्माता प्रेमकुमार श्रेष्ठ हुन्। यो फिल्मको आम्दानीबाट एन्जिलाका लागि काठमाडौंमा घर खरिद गर्ने तयारीमा निर्माता श्रेष्ठ छन्।

# ‘गोबर गणेश’ फिल्म निर्माणमा बल्छी धुर्बे



काठमाडौं- हल्का रमाइलो सिरियलको दृश्यमा मरिचमान श्रेष्ठ र पुजन घिमिरेहल्का रमाइलो सिरियलको दृश्यमा मरिचमान श्रेष्ठ र पुजन घिमिरे टेलिभिजन सिरियलका चर्चित कलाकार मरिचमान श्रेष्ठ “बल्छी धुर्बे” फिल्म निर्माणको तयारीमा छन्।

उनले बनाउन लागेको फिल्मको नाम गोबर गणेश राखिएको छ । केही दिनमा पोस्टर सार्वजनिक गर्दै फिल्मबारे औपचारिक जानकारी दिने मरिचमानको तयारी छ।

उनले हालसालै चलचित्र विकास बोर्डबाट गोबर गणेश नाममा निर्माण इजाजत लिएका छन् । मरिचमानको होम प्रोडक्सन बल्छी धुर्बे फिल्मस् प्रा.लिको ब्यानरमा फिल्म बन्न लागेको हो।

मरिचमानले विकास बोर्डमा फिल्मको नाम दर्ता गर्दाको विवरणअनुसार निर्माता र निर्देशकमा उनी स्वयंको नाम उल्लेख छ।कलाकारमा सीतादेवी तिमल्सिना र पुजन घिमिरे छन्। सीतादेवी चर्चित हास्य कलाकार केदार घिमिरेकी श्रीमती हुन् भने पुजन हल्का रमाइलो सिरियलकी कलाकार हुन्। दर्शकमाझ पुकु नामले चर्चित पुजन सिरियलमा बल्छीको जोडीका रूपमा देखिँदै आएकी छन्।

# खगेन्द्र र वर्षाको “हर्ष” मंसिर १२ गतेलाई तय




एकता पौडेलको लेखन तथा निर्देशनमा तयार भएको फिल्म ‘हर्ष’को प्रदर्शन मिति घोषणा गरिएको छ। सोमबार युट्युबमार्फत टाइटल भिडियो सार्वजनिक गर्दै आगामी मंसिर १२ गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराइएको हो।

भिडियोमा स्वर्गीय निर्देशक शिव रेग्मी (मामा)प्रति फिल्म समर्पित भनिएको छ । एकता निर्देशक रेग्मीकी भान्जी हुन् । भिडियोमा कलाकारहरुको परिचयसहित आकर्षक रुपमा डिजाइन गरिएको शीर्षक समावेश छ भने बाँसुरी (बाजा)लाई प्राथमिकताका साथ राखिएको छ । यसले धार्मिक कथावस्तुमा फिल्म आधारित रहेको संकेत गर्छ।

अष्टलक्ष्मी प्रोडक्सन्स् र ई-प्राईम मुभिजको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा खगेन्द्र लामिछाने, वर्षा राउत, निर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, निमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जन, संगीता नापित लगायतको अभिनय छ।

प्रशन्न पौडेल र विकास पौडेल निर्माता तथा हिक्मत चोखल कार्यकारी निर्माता रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, समीर-हिमाल, वसन्त सापकोटा तथा एलिस कार्कीको संगीत, लोकेश बज्राचार्यको सम्पादन तथा सुनिल क्षेत्री र निर्देशक पौडेलको कोरियोग्राफी छ। फिल्ममा शिव रेग्मीले लेखेको एउटा गीत समेत समावेश गरिएको छ।

अमेरिकाको न्यूयोर्क फिल्म एकेडेमीमा फिल्म मेकिङ अध्ययन तथा आमसंचारमा स्नातक गरेकी निर्देशक पौडेलले व्यवस्थापन तथा नेतृत्व विषयमा स्नातकोत्तर समेत गरेकी छन्। केही छोटा फिल्महरु बनाएपछि उनले ‘हर्ष’बाट निर्देशनमा डेब्यु गरेकी हुन्।

# सुर्खेतमा “सतीदेवी”को विशेष शो

गत वर्ष प्रदर्शनमा आएको फिल्म ‘सतीदेवी’ व्यावसायिक रुपमा सफल हुन नसकेको भए पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया मिलेको थियो । यही कारण हल रिलिजपछि विभिन्न संघ-संस्थाहरुले फिल्मको विशेष शो आयोजना गरिरहेका छन्। यसैबीच, शनिबार सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा आयोजित ‘कर्णाली नारी सम्मान-०८२’ समारोहमा पनि फिल्म देखाइएको छ।

लक्ष्मी चलचित्र मन्दिरमा आयोजित विशेष शोमा कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेल, प्रदेशकी जलस्रोत तथा उर्जा विकास मन्त्री विजया बुढा, वीरेन्द्रनगर नगरपालिकाकी प्रमुख मोहनमाया ढकाल (भण्डारी)सहित चार सयभन्दा बढी स्थानीयको उपस्थिति रहेको थियो। फिल्म हेर्ने क्रममा अधिकांश दर्शक भावुक भएका थिए । केही महिलाहरु भक्कानिएर समेत रोएको जनाइएको छ।



वीरेन्द्रनगर नगरपालिकाकी मेयर ढकालले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै फिल्म हेरेपछि मन गह्रुङ्गो भएको बताएकी छन्। उनले लेखेकी छन्, ‘फिल्म हेरेपछि मन गह्रुङ्गो भयो। भावुक भएँ। महिलाले भोगेका समस्या, समाजमा गरिने व्यवहार, छोरीहरुले भोग्नुपरेका चुनौती सबैलाई नजिकबाट महसुस गरायो । फिल्म सकिएपछि उठ्न नै सकिएन, एकछिन मौन भएर बस्न मन लाग्यो।’

उनले फिल्म उत्कृष्ट लागेको भन्दै सिक्वेलमा छोरीहरुको सफलताको कथा ल्याउन निर्देशकलाई आग्रह गरेकी छन् । उनले अगाडि लेखेकी छन्, ‘फिल्ममा ‘टू वी कन्टिन्यू’ लेखिएको थियो । विजया बुढा (मन्त्री) र मैले निर्देशक भाईलाई ‘अब संघर्षको मैदानमा उत्रिएका छोरीहरूको सफलताको कथा आउनुपर्छ है’ भन्यौं । निर्देशकले मुसुक्क हाँसेर टाउको हल्लाउँदै सहमति जनाउनुभयो।’

निर्देशक सुवेदी स्वयंको लेखन रहेको ‘सतीदेवी’मा मलिका महतको शीर्ष भूमिका छ भने सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, बाल कलाकारहरू हर्षिका वली, मञ्जिला बानियाँ लगायतको पनि अभिनय रहेको छ । फिल्मलाई यस वर्ष रि-रिलिज गर्ने योजनामा निर्देशक सुवेदी छन् । फिल्मले अंश र वंश धान्न छोरा नै चाहिन्छ भन्ने पितृसत्तात्मक सोचप्रति प्रश्न गरेको छ।

# “ऊनको स्वीटर” चल्दा विपिनलाई राहत

अभिनेता विपिन कार्कीको करिअर उचारचढावपूर्ण छ । उनका कुनै फिल्मले लोभलाग्दो सफलता पाएका छन् भने धेरैजसो बक्स अफिसमा नराम्रोसँग पिटिएका छन् । गत वर्ष मात्र उनका ठूला बजेटका दुई फिल्म ‘तेल भिसा’ र ‘कर्मा’ असफल भए। ‘कर्मा’ले त उनलाई दिइएको पारिश्रमिक समेत उठाएन । यी दुई फिल्मको असफलतापछि उनीबाट निर्माताहरू तर्किन थालिसकेका थिए।

तर, यस वर्षको सुरुवातमै उनलाई फिल्मबाट सफलता मिलेको छ। त्यो सफलता ‘ऊनको स्वीटर’ले दिएको हो। गत बैशाखमा रिलिज भएको यो फिल्म ५१ दिनको संघारमा छ। अहिले पनि विदाको दिनहरूमा फिल्म हेर्ने दर्शक उल्लेख्य देखिने गरेका छन्। यो फिल्म सफल हुँदा विपिनलाई ठूलो राहत मिलेको छ । यसबाट झण्डै एक वर्षपछि उनको असफलताको श्रृंखला तोडिएको हो।

‘ऊनको स्वीटर’बाट विपिनले सफलता मात्र पाएका छैनन्, धेरैपछि उनको अभिनयको पनि प्रशंसा भएको छ। अघिल्ला दुई फिल्म ‘तेल भिसा’ र ‘कर्मा’मा उनको अभिनयकै आलोचना भएको थियो। उनको फिल्म छनोट शैलीमा समेत प्रश्न उठ्यो। यसअर्थ ‘ऊनको स्वीटर’ विपिनको करिअरका लागि अर्थपूर्ण सावित भएको छ। अब उनको फिल्ममा माग र पारिश्रमिक बढ्ने निश्चित छ।

यस वर्ष विपिनको अर्को फिल्म ‘पहाड’ पनि प्रदर्शनमा आउँदैछ। जसको प्रदर्शन मिति आगामी कात्तिक ७ गतेलाई तय गरिएको छ। तुलसी घिमिरेको निर्देशनमा बनेको यो फिल्म पनि व्यावसायिक रुपमा सफल भए विपिनका लागि यस वर्ष अविस्मरणीय रहनेछ। योबाहेक रिलिजको लाइनअपमा उनका अरू फिल्म भने छैनन् । न त उनले नयाँ फिल्म सम्झौता गरेको खबर प्राप्त छ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ४३, २०८२ साल असार १० गते मंगलबार (JUL 2, 2025)

# फोटोनको टुनल्यान्ड जी-सेभेन पिकअप नेपाली बजारमा




काठमाडौं- चिनियाँ गाडी उत्पादक कम्पनी फोटोनको फिचर लोडेड टुनल्यान्ड जी-सेभेन पिकअप नेपाली बजारमा आएको छ।

फोटोनको नेपालका लागि आधिकारिक विक्रेता वृद्धिले उक्त पिकअप आइतबार नेपाली बजारमा सार्वजनिक गरेको हो।

बिल्ड फर हिमालयजको नेम ट्यागमा उक्त गाडीले सबैभन्दा टफेस्ट टेरेन्ट पार गर्न सक्ने कम्पनीले दाबी गरेको छ। गाडीको ग्राउन्ड क्लियरेन्स २२५ एमएमको छ।

टर्बो चार्ज्ड १९६८ सीसी अर्थात् १.९ लिटर क्षमताको इन्जिन छ। यसले ३९० एमएम टर्क उत्पादन गर्न सक्छ। साथै १६० हर्सपावर प्रदान गर्छ।

यसको पे-लोड क्षमता ९९० किलोग्रामसम्मको छ। फ्युल ट्याङ्क ८० लिटर क्षमताको छ।

मात्रै २३ दिनमा ८ वटा टफेस्ट र हाइ हिमालयमा ड्राइभ गरेर पार गरिसकेको छ। जसमा खाङ्सार, कोरोलापास, सन्दकपुर, ढोरपाटन, गुफापोखरी, जुम्लालगायत ४ हजार ६६० मिटर उचाइसम्मको टफ टेरेन्टमा पुग्न सफल पिकअप हो। २३ दिनमा १५ हजार किलोमिटर दुरीको रोड पार गरेको छ।

यसमा भेन्टिलेटेड र कुलिङ सिट छ। साथै सनरुफ र ६ वटा एयर ब्याग पनि छन्। यसमा मार्केट सेगमेन्ट फस्ट फिचर धेरै छन्।

टुनल्यान्ड जी-सेभेनको भित्री भागमा चालक र यात्रु दुवैको सुविधाका लागि विभिन्न अत्याधुनिक फिचर समावेश गरिएका छन्। ठूलो टचस्क्रिन इन्फोटेनमेन्ट प्रणाली, पावर विन्डोज, सेन्ट्रल लकिङ, एयर कन्डिसनर र उच्च गुणस्तरको सिट रहेका छन्। सुरक्षाका लागि यसमा एबीएस, ईबीडी, डुअल एयर ब्याग, र रियर पार्किङ सेन्सर जस्ता फिचर पनि उपलब्ध छन्।

गाडीको मूल्य नेपाली बजारमा इलाइटको ५१ लाख ९९ हजार, लक्जरीको ६५ लाख ४० हजार र फ्ल्यागसिप मोडेलको ६९ लाख ९९ हजारदेखि ७२ लाख ९९ हजार तथा ७४ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

# बीवाइडीको नयाा डल्फिन नेपालमा लन्च : ब्याट्रीको लाइफ १५ वर्ष



काठमाडौं- नेपाली बजारमा बीवाइडीको डल्फिन २०२५ मोडल सार्वजनिक भएको छ। नेपालमा बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकले नयाँ भर्सनको डल्फिन आइतबार सार्वजनिक गरेको हो।

सो कार्यक्रममा साइमेक्स इन्कका प्रबन्ध निर्देशक यमुना श्रेष्ठले अहिले नेपाली सडकमा २ हजार ५०० युनिट कुदिरहेका बताइन्।

'हाम्रो कम्पनीले हरेक पटक ग्राहकहरुलाई नयाँ दिने कसिस गरिरहेका छौं। यो पटक डल्फिनमा नयाँ टेक्नोलोजीको विकास भएको लिथियम आयोन फोसफेट ब्याट्री उपलब्ध छ,' उनले भनिन्।

ल्यो वोल्टेज ब्याट्री र १५ वर्षसम्मको लाइफ भएको ब्याट्रीमा यो भर्सनको गाडी उपलब्ध छ। यसलाई सुरक्षा र दिगोपनको हिसाबमा राम्रो मानिन्छ।

डल्फिन २०२५ मा एनएफ्सी कि लेस इन्ट्री पनि छ। जसले मोबाइलबाटै भेहिकल स्टार्ट अन अफ गर्न सकिन्छ। यस्तै, यसमा बिवाइडी एप पनि इन्स्टल्ड छ।

डल्फिन २०२५ को मूल्य ४१ लाख १५ हजार रुपैयाँ तोकिएको छ। यो मूल्य मोडलको गाडी समान हो।

बीवाइडी डल्फिनमा ४४.९ किलोवाट आवर क्षमता ब्याट्री प्रयोग गरिएको छ। यसले एक पटकको फुल चार्जमा डब्लुएल्टिपि साइकल अनुसार ३४० किलोमिटरको रेन्ज दिने दाबी गरिएको छ।

यसमा ७० किलोवाट क्षमताको प्रमानेण्ट म्याग्नेट सिन्क्रोनस मोटर जडान गरिएको छ। यसले १८० एनएमको टर्क उत्पादन गर्छ।

उद्योगको पहिलो लिथियम आइरन फस्फेट (एलएफपि) लो भोल्टेज ब्याट्री (एलभिबि) लगायत धेरै अपग्रेडहरु छन्। यो परम्परागत लिड-एसिड ब्याट्रीको सट्टामा आएको हो र यसका धेरै फाइदाहरु छन्। यो मुख्य ब्याट्री भने हैन। यसमा भएको सिस्टम कनेक्ट गर्ने एन्सिलरी ब्याट्री हो। यो ब्याट्री ६ गुणा हलुका छ, यसको सेल्फ-डिस्चार्ज ५ गुणा कम छ र यसको आयु १५ वर्षसम्म हुन्छ। यसमा ६ वर्ष वा १ लाख ५० हजार किलोमिटरको वारेन्टी पनि दिइएको छ।

बीवाइडी डल्फिनले 'ओशन एस्थेटिक्स' डिजाइन कन्सेप्ट अपनाएको छ, जुन आकर्षक र आधुनिक देखिन्छ। यसमा रेगुलर एलईडी हेडलाइट र डाइनामिक टेललाइट डिजाइन छ।

नयाँ डल्फिनको बाहिरी भागमा केही सामान्य परिमार्जनहरू गरिएका छन्। बम्परको तल्लो एयर इन्टेक एरिया र पछाडिको 'बिल्ड योअर ड्रीम्स लोगोलाई 'बिवाइडि' लोगोले प्रतिस्थापन गरिएको छ।

क्याबिनमा १२.८ इन्चको घुम्ने टचस्क्रिन इन्फोटेनमेन्ट प्रणाली छ। जसले एप्पल कारप्ले र एन्ड्रोइड अटो समर्थन गर्दछ। सामान राख्नको लागि बुट स्पेस ३४५ लिटर छ, जुन पछाडिका सिटहरु फोल्ड गर्दा १,३१० लिटरसम्म विस्तार गर्न सकिन्छ।

६ वटा एयरब्याग, फर्वार्ड कोलिजन वार्निङ, ट्राक्सन कन्ट्रोल प्रणाली, अटो होल्ड, एडेप्टिभ क्रुज कन्ट्रोल, अटोमेटिक इमर्जेन्सी ब्रेकिङ प्रविधि यसमा छ। साथै लेन डिपार्चर वार्निङ, लेन किपिङ सपोर्ट, रिअर कोलिजन वार्निङ, ब्लाइन्ड स्पट डिटेक्सन, रिअर क्रस ट्राफिक अलर्ट जस्ता फिचरहरु पनि छन।

यसले युरो एनक्याप सुरक्षा परीक्षणमा फाइभ स्टार प्राप्त गरेको छ।

# केटीएम नेपालको देशव्यापी एक्सचेन्ज




काठमाडौं- केटीएम नेपालले देशव्यापी एक्सचेन्ज एण्ड फाइनान्स क्याम्पको घोषणा गरेको छ। १९ जुन (बिहीबार)बाट यस क्याम्प देशभरका सबै अधिकृत केटीएम शोरूमहरूमा हुने कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार यस क्याम्पको उद्देश्य देशभरका मोटरसाइकल पारखीहरूलाई आफ्नो पुरानो बाइक साटेर नयाँ केटीएम बाइक लिन सहज बनाउनु हो। वित्तीय सुविधाहरूको माध्यमबाट केटीएम स्वामित्वको अनुभवलाई अझै सुलभ बनाउन यस क्याम्पले महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ।

क्याम्पको मुख्य आकर्षण नागरिकताको आधारमा सजिलो एक्सचेन्ज प्रक्रिया रहनेछ। त्यस्तै, क्याम्पमा पुरानो मोटरसाइकलमा अतिरिक्त १५ हजार रुपैयाँको एक्सचेन्ज बोनस, प्रत्येक नयाँ केटीएम खरिदमा निःशुल्क ब्रान्डेड हेल्मेट पनि उपलब्ध गराइने कम्पनीले जानकारी दिएको छ।

त्यसैगरी, केटीएम २५० ड्यूकको नयाँ मूल्य ७ लाख १३ हजार ९०० रुपैयाँ कायम गरिएको जानकारी दिँदै कम्पनीले अर्को आर्थिक वर्षसम्म कर तिर्नु नपर्ने बताएको छ।

'यस क्याम्प सीमित अवधिका लागि मात्र संचालनमा रहनेछ र यसले ग्राहकहरूलाई सरल प्रक्रिया, अतिरिक्त लाभहरू र आकर्षक मूल्यको साथमा केटीएम मोटरसाइकलको स्वामित्व लिन प्रेरित गर्नेछ,' कम्पनीले विज्ञप्तिमार्फत भनेको छ।

फाइनान्स सुविधा पार्टनर बैंकहरूमार्फत उपलब्ध गराइने कम्पनीले जनाएको छ।

# ८ अग्ला भूभाग पार गर्ने फोटोन टुनल्याण्ड नेपालमा सार्वजनिक




काठमाडौं- नेपालको अटोमोबाइल क्षेत्रमा एक ऐतिहासिक क्षणका रूपमा फोटोनको प्रमुख पिकअप टुनल्यान्ड न्७ लाई पुलचोकस्थित 'द प्लाजा' मा औपचारिक रूपमा सार्वजनिक गरिएको छ।

यसअघि नै टुनल्यान्ड न्७ ले २३ दिनमै ८ वटा उच्च र कठोर अफ-रोड भूभागहरू पार गर्ने विश्वकै पहिलो पिकअपका रूपमा इतिहास रचिसकेको छ। नेपालमा डेब्यु गर्नु अघि यो गाडी १५,००० किलोमिटरको कठिन परीक्षणमा टेस्ट गरिएको थियो।

असार ८ गते सम्पन्न भएको यस भव्य सार्वजनिक कार्यक्रममा एमएडब्लू वृद्धिका प्रबन्ध निर्देशक विवेक सिकारिया, फोटोन इन्टरनेशनल साउथ एसियाका प्रबन्ध निर्देशक एरिक वाङ, बेइकी फोटोनका पीआर निर्देशक तथा फोटन इन्टरनेशनलका प्रमुख अकाउन्ट निर्देशक ली जुओचेंग, फोटोन इन्टरनेशनल प्यासेन्जर भेहिकल बिजनेसका सीनियर मार्केटिङ म्यानेजर सुश्री एमिली डिङ, लियो झाओ र एमएडब्लू वृद्धि कमर्सियलका सीईओ तुषार गुप्ताले संयुक्त रूपमा यस परिवर्तनकारी सवारीसाधनको नेपाल आगमनलाई स्वागत गरे।

सार्वजनिक कार्यक्रममा बोल्दै विवेक सिकारियाले भने, "नेपालका आफ्नै चुनौतीहरू हुँदाहुँदै पनि हामीले फोटोनसँग सहकार्य गर्ने निर्णय गर्‍यौं र म गर्वका साथ भन्न सक्छु कि आज त्यो विश्वास सार्थक भएको छ। पछिल्ला पाँच, छ वर्षमा हामीले नेपालमा १५०० भन्दा बढी फोटोन सवारी साधन बिक्री गरिसकेका छौं, जसमा ५०० भन्दा बढी पिकअपहरू पर्छन्।"

"आफ्टर सेल्स सर्भिस र स्पेयर पार्ट्सको मामलामा हामीले कुनै कसर बाँकी राखेका छैनौं। रोकथाम मेनटेनेन्सदेखि एक्सिडेन्टल मर्मतसम्म,न्७ को मर्मत खर्च बजारका अन्य विकल्पहरूभन्दा २०५ कम छ।"

कार्यक्रमपछि टुनल्यान्ड न्७ पहिल्यै बुकिङ गरेका ग्राहकहरूलाई साँचो हस्तान्तरण गरिएको थियो। फोटोन टुनल्यान्ड न्७ बिल्ट फर हिमालय चीनमा अटोनोमस व्यवसायिक सवारी साधन सार्वजनिक गर्ने पहिलो ब्रान्डको रूपमा फोटोनको गौरवशाली इतिहास रहेको छ र आज पनि कम्पनी अत्याधुनिक डिजाइनमा अगाडि रहँदै आएको छ। टुनल्यान्ड न्७ त्यहि इनोभेसनको सजीव प्रमाण हो।

यो गाडी बलियो र इन्टेलिजेन्सको खोज गर्ने यात्रुहरूको लागि बनाइएको हो। १६० एचपी पावर र ३९० एनएम टर्कसहित न्७ ले नेपालको सबै भूभागमा अद्वितीय प्रदर्शन दिन्छ। २२५ मिमीको उच्च ग्राउन्ड क्लियरेन्सका साथ यो गाडी उबडखाबड बाटो, उकालो चढाइ र अनिश्चित हिमाली बाटाहरूलाई आत्मविश्वासका साथ पार गर्न सक्छ। हिल होल्ड कन्ट्रोल र हिल डिसेण्ट कन्ट्रोलले चढाइ र ओर्लाइ दुवैलाई सुरक्षित बनाउँछ र पुश-स्टार्ट इञ्जिन बटन सजिलै पहुँचयोग्य हुनेगरी औंलामै राखिएको छ।

तर, बलियो प्रदर्शन मात्र होइन, यो गाडीमा आराम पनि कम छैन। भित्री भागमा १२.३ इन्चको इन्फिनिटी स्क्रिन राखिएको छ जसले नेभिगेसन र मनोरञ्जनको आवश्यकता पूरा गर्छ। तातो र चिसो हुने, १२ तरिकाले एडजस्ट गर्न सकिने इलेक्ट्रिक सिटहरू छन् जसले चालक र यात्रुलाई मौसमअनुकूल आरामदायी अनुभव दिन्छ। प्यानोरामिक सनरूफले आकासलाई नजिक ल्याउँछ,जसले शक्तिशाली गाडीभित्रको सौन्दर्य र खुलापनको अनुभूति दिलाउँछ। साथै, अटोमेटिक एयर कन्डिसनिङले जस्तोसुकै मौसममा पनि यात्रालाई सहज बन(ाउँछ।

फोटोनले सधैं उद्देश्यसहितको नवप्रवर्तनमा विश्वास गर्दै आएको छ र टुनल्यान्ड न्७ औपचारिक रुपमा सार्वजनिक भएसँगै त्यो उद्देश्य अब नेपाली भावनासँग जोडिएको छ। पुलचोकको 'द प्लाजा'मा सार्वजनिक गरिएको यो गाडी केवल नेपालको अटो बजारमा अर्को सवारी थपिएको होइन, यो त नेपालकै लागि डिजाइन गरिएको हो।

यो नयाँ पुस्ताको पिकअप गाडी घाम उदाएसँगै उठेर हिमालका उचाइहरूलाई साहस र सौम्यतासाथ पार गर्ने नेपालीहरूको परिश्रमी भावनाको उत्सव हो।

# नाडाका चार सदस्यले बुझाए स्पष्टीकरण

काठमाडौं- नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका चार सदस्यले स्पष्टीकरण बुझाएका छन्। नाडाको कार्यसमितिमा रहेका आकाश गोल्छा, सुनिल रिजाल, प्रदीपमान प्रधान र सन्जय खेतानले सोमबार स्पष्टीकरण बुझाएका हुन्।

उनीहरुले नाडाका महासचिवमाथि संस्थाको विधान उल्लंघन गरेको आरोप लगाउँदै कारबाही किन नगर्ने भन्दै उल्टै प्रति प्रश्न गरेका छन्।

उनीहरुले महासचिवसँग विधान उल्लंघन गरेबापत तपाइँ स्वयंमाथि कारबाहीका लागि हामीले कार्यसमितिमा प्रस्ताव किन नलाने? भन्ने जवाफ दिएका छन्।

महासचिवले नाडाको विधान राम्रोसँग अध्ययन नगरेको उनीहरुले पत्रमा उल्लेख गरेका छन्। कार्यसमिति बैठकले निर्णय नगरी स्पष्टीकरण मागिनु विधानविपरीत भएको उनीहरुको भनाइ छ।

'नाडाको विधानको कुन दफा वा उपदफा अनुसार तपाइँले मलाई यस्तो पत्र पठाउनुभएको हो? के तपाइँलाई यसरी विधान उल्लंघन गर्दै पत्र काट्ने र नाडाको लेटर हेड दुरुपयोग गर्ने छुट छ? कि तपाइँ नाडाको साधारण सभा वा कार्यसमितिभन्दा माथि हुनुहुन्छ?,' पत्रमा भनिएको छ।

चारैजनाको जवाफमा उही कुरा लेखिएको छ। गोल्छासहितका चार सदस्यले कार्यसमितिको आगामी बैठकमा जवाफ प्राप्त हुने आशा राखेको उल्लेख गरेका छन्।

नाडाले अध्यक्ष करण चौधरीविरुद्ध जथाभावी गतिविधि गरेको भन्दै गोल्छासहित चार सदस्यसँग ७ दिनको समय दिएर असार ३ गते स्पष्टीकरण मागेको थियो।



जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार